"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकारः दिगो शान्ति र समृद्धिको आधार"

# वार्षिक गतिविधि पुस्तिका

## आ.व. २०८२/०८३

## राष्ट्रिय मानव अधिकार आयोग

लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज

"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र समृद्धिको आधार"

# वार्षिक गतिविधि प्रतिवेदन

# आ.व.२०८२/०८३

राष्ट्रिय मानव अधिकार आयोग

लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज

**लेखन /सम्पादन समिति**

**सल्लाहकार** : श्री द्वारिका कुमारी अधिकारी, मानव अधिकार अधिकृत/ कार्यालय प्रमुख
**संयोजक** : श्री जिबछ कुमार दास, सूचना प्रविधि सहायक
**सदस्य** : श्री विशाल खनाल, सहायक प्रथम

**प्रकाशक** : राष्ट्रिय मानव अधिकार आयोग
लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

**प्रकाशन मिति** : २०८३, साउन

**संस्करण** : सातौं

**प्रति** : २००

**मुद्रण** : **म्याक्सवेल प्रिन्ट प्राईभेट लिमिटेड, नेपालगञ्ज**
**@सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग
लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज ।

©आयोगको यस कार्यालयको पूर्व स्वीकृती विना यस प्रतिवेदनलाइ बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी संग्रह गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन। तर बौद्दिक वा शैक्षिक प्रयोजनको लागि श्रोत खुलाइ आवश्यक अंशहरु साभार गरी प्रयोग गर्न सकिनेछ।

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्जले आ.व. २०८२/०८३ मा सम्पन्न भएका गतिविधिहरु समेटेर वार्षिक गतिविधि पुस्तिका प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुशी लागेको छ ।

मानव अधिकारको संरक्षण, संवर्द्धन र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने जिम्मेवारीलाई पूरा गर्ने कार्यमा आयोगका सम्पूर्ण पदाधिकारी र राष्ट्रसेवक कर्मचारीहरुले आ-आफ्नो स्थानबाट निरन्तर योगदान गरिरहेका छन् ।

लुम्बिनी प्रदेश शाखा कार्यालयको यो गतिविधि पुस्तिकाले त्यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका जिल्लाहरुको मानव अधिकार अवस्थाको स्थिति चित्रण गर्न भूमिका खेल्ने मेरो विश्वास छ ।

अन्त्यमा, यो वार्षिक गतिविधि पुस्तिकाको तयारी एवम् प्रकाशनको कार्यमा संलग्न लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्जका कार्यालय प्रमुख द्वारिका कुमारी अधिकारी खरेलसहित सम्पूर्ण कर्मचारीहरुको म हार्दिक सराहना गर्दछु ।

(तप बहादुर मगर)
अध्यक्ष

असार २०८३

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जले एक वर्षको अवधिमा सम्पन्न गरेका मानव अधिकार संरक्षण र संवर्धन सम्बन्धी कार्यहरूलाई समेटेर वार्षिक गतिविधि पुस्तिका प्रकाशन गर्न लागेकोमा खुसी व्यक्त गर्दछु। आयोगको यस कार्यालयले प्रकाशन गर्न लागेको यस पुस्तिकाले सूचनाको हकलाई समेट्दै आफ्नो सार्वजनिक जवाफदेहिता निर्वाह गर्न खोजेको प्रयास प्रशंसनीय छ । यस गतिविधि पुस्तिकामा प्रदेश शाखा कार्यालयले हासिल गरेका उपलब्धिहरु र चुनौतिहरु समेत समावेश भएको हुँदा यस क्षेत्रको समग्र मानव अधिकारको अवस्था र कार्यालयको कामको समेत मूल्याङ्कन गर्न सरोकारवाला सबैलाई सहज हुनेछ भन्ने विश्वास लिएको छु।

यस बार्षिक गतिबिधि पुस्तिकामा आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालयले हासिल गरेका महत्वपुर्ण उपलब्धि र चुनौतिहरु समेत समावेश गरी प्रकाशन भएको हुँदा कार्यालयको क्षेत्राधिकारका जिल्लाहरु बाँके, बर्दिया, दाङ, रोल्पा, प्यूठान र रुकुम पुर्वको समग्र मानव अधिकार अवस्था र कार्यालयको कामको समेत जानकारी लिन सरोकारवाला सबैलाई सहज हुनेछ भन्ने विश्वास लिएको छु। वार्षिक गतिविधि पुस्तिकामा समावेश भएका विषयवस्तु कार्यालयको कामको समग्र प्रतिफल हो। साथै यो पुस्तिका कार्यालयको गतिविधिहरु बारे जानकारी राख्न चाहने प्रत्येक नागरिक, अध्ययनकर्तालाई पनि उपयोगी हुने देखिन्छ।

साथै प्रस्तुत गतिविधि पुस्तिकाले मानव अधिकारको संरक्षण र संबर्धनका लागि त्यस क्षेत्रमा गर्नुपर्ने थप प्रयासको बारेमा समेत प्रकाश पारेको छ । अतः यस मार्फत राज्यका सम्बद्ध निकायहरूका अतिरिक्त मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरू, अनुसन्धानकर्ता, विद्यार्थी, एवम् आम नागरिक समेतलाइ मानव अधिकार सम्बन्धी सूचना र जानकारी प्राप्त हुनेमा विश्वस्त छु । अन्त्यमा प्रतिवेदनलाई यस अवस्थामा पुर्याउन दस्तावेजीकरण गर्ने, गराउने प्रदेश शाखा कार्यालयका नि.कार्यालय प्रमुख श्री द्वारिका कुमारी अधिकारी सहित लेखन एवं सम्पादन कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

मितिः २०८३/०५/०२ गते

मुरारिप्रसाद खरेल
सचिव


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

**लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज**

**Lumbini Province Branch Office, Nepalgunj**

मिति: २०८३/०४/२०

कृतज्ञता ज्ञापन

लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज तत्कालीन अवस्थामा वि.स.२०६१ जेठ ७ गते राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्रीय कार्यालयको रुपमा स्थापना भएको थियो। यस कार्यालयले आर्थिक वर्ष २०७५/७६ पछि गतिविधि पुस्तिकालाई विविध कारणले निरन्तरता दिन नसकेतापनि आर्थिक वर्ष २०८१/०८२ देखि पुनः प्रकाशन गरि हाल सातौं संस्करणको रुपमा २०८२/०८३ को गतिविधि पुस्तिका प्रकाशित हुन लागेकोमा खुसी व्यक्त गर्दछु । मानव अधिकार संरक्षण, संवर्द्धन र यसको प्रभावकारी कार्यान्वयनका लागि आयोगको यस कार्यालयबाट आवश्यक पहलकदमी भएका छन् । कतिपय मानव अधिकारको अवस्थामा अझै सुधार हुन सकेको छैन । भौगोलिक विविधता, जनसङ्ख्याको घनत्व तथा जातीय एवं भाषिक विविधता, सामाजिक-आर्थिक, धार्मिक, सौंस्कृतिक लगायतका विविध कारण मानव अधिकारका सवालहरु जिल्लागत रूपमा फरक-फरक रूपमा देखा परेका छन् । बाँके, बर्दिया र दाङ जिल्लामा एक बालको मानव अधिकार समस्या रहेको छ भने पहाडी जिल्ला प्यूठान, रोल्पा र पूर्वी रुकुममा फरक खालको मानव अधिकार समस्या रहेको छ। एकातिर गरिबीका कारण अधिकारहरु सबलीकृत हुन सकेको छैन भने अर्कोतिर ग्रामीण र पिछडिएका समाजमा खाद्य असुरक्षा, रोजगारीको अभाव, बालविवाह, बालश्रम, घरेलु हिंसा, महिला हिंसा, यौनजन्य हिंसा, बलात्कार, यातना, असुरक्षा, अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने कठिनाईहरु देखा परेको छन्। दलित मधेसी, थारु आदिवासी/जनजाति, अल्पसङ्ख्यक/सिमान्तकृत समुदाय, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरुको हकअधिकार तथा शिक्षा र स्वास्थ्य क्षेत्रमा आयोगबाट जति काम भएको छ थप अरु काम गर्न हुटहुटी जागेको छ ।

अधिकांस स्थानीय तहमा बालबिवाह अन्त्यको घोषणा भएपनि यो अझै शून्यमा झर्न सकेको छैन । सरकारी विद्यालयहरुमा विद्यार्थी भर्नादर निजी विद्यालयको तुलनामा घट्दै गएको छ। त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पससहरुमा प्राध्यापक र कर्मचारीहरुको दरबन्दी न्यून रहेको तथा त्रिवि सेवा आयोगबाट नियमित पदपूर्ति हुन नसकिरहेको देखिएको छ। आमाको नाममा नागरिकता प्रदान गर्ने भनी संविधानमा व्यवस्था छ तर कार्यान्वयनम कठिन भएको देखिएको छ । सङ्क्रमणकालीन न्याय प्रणाली अझैपनि टुङ्गोमा पुग्न नसक्दा पीडित झन् पीडित हुने अवस्था रहेको छ। यस कार्यालयमा न्यून जनशक्ति भएतापनि कार्यक्रमका तोकिएका लक्ष्य र प्रगति हासिल सफल भएका छौं । प्राकृतिक प्रकोपबाट प्रभावितहरुका लागि राज्यबाट तत्काल उद्दार प्रतिकार्य तथा व्यवस्थापन गर्न र पुर्नस्थापना प्रक्रियामा छरितो ढङ्गले कार्य सम्पादन हुन सकिरहेको छैन ।सुशासन, सामाजिक न्याय, गुणस्तीय स्वास्थ्य शिक्षा, लैङ्गिक समानता, दलित तथा सीमान्तकृत समुदायको अधिकार संरक्षण तथा विपद् व्यवस्थापनमा दीर्घकालीन र संरचनागत सुधार हुन सकेको खण्डमा यस क्षेत्रको मानव अधिकार अवस्था थप सुदृढीकरण हुन जाने देखिन्छ ।

अन्त्यमा, गतिविधि पुस्तिका प्रकाशनका लागि अहोरात्र खटिनुहुने प्रकाशन समितिका संयोजक सूचना प्रविधि सहायक जिवछ कुमार दास र सदस्य सहायक प्रथम विशाल खनाल लगायत यस नेपालगञ्ज कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु। साथै, यस क्षेत्रमा कार्यरत आमसञ्चारर्मीहरु, नागरिक समाजका अगुवाहरु, मानव अधिकार रक्षकहरु लगायत गैरसरकारी संघसंस्थाहरु र सरकारी निकायहरुप्रति कृतज्ञ छु ।

द्वारिका कुमारी अधिकारी
(कार्यालय प्रमुख)

फोन नं ०८१-५३६७०७, ५३६७०८, शान्तिनगर, नेपालगञ्ज, बाँके
Phone 081-536707, 536708, Shantinagar, Nepalgunj, Banke
Email: nhrcnpj@nhrcnepal.org website: www.nhrcnepal.org

# आयोगका पदाधिकारीहरू



## वार्षिक कार्यक्रमका केहि छाँया चित्रहरु



उपसचिव दयाराम पाठकको फेरीभेटौला कार्यक्रम



मानव अधिकार संजालको मासिक बैठक



प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ पूर्व अनुगमन दाङ



आयोगको २६ औं वार्षिक उत्सव २०८२



E-Attendence Machine Install गर्न आएका केन्द्रको टोली



प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ अनुगमन- प्युठान



प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ अनुगमन बाँके



प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ अनुगमन



प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ अनुगमन रोल्पा



आकस्मिक अनुगमन भेरी अस्पताल

## संक्षिप्त

| संक्षिप्त रुप | पुर्ण रुप |
| --- | --- |
| **ICCPR** | International Covenant on Civil and Political Rights |
| **ICESCR** | International Covenant on economic, Social and Cultural Rights |
| **CRC** | Convention on the Rights of the Child |
| | Convention on the Elimination of All Forms of Discrimination Against Women |
| **ICPPED** | International Convention for the Protection of All Persons from Enforced Disappearance |
| **CAT** | Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment |
| **CEDAW** | Convention on the Eliminition of All Form of Discrimination Against Women |
| **आ.व.** | आर्थिक वर्ष |
| **क्र.स.** | क्रम संख्या |
| **नं.** | नम्बर |
| **के.का** | केन्द्रिय कार्यालय |
| **पृ.** | पृष्ठ |
| **मा.अ.अ.** | मानव अधिकार अधिकृत |
| **गा.पा** | गाउँपालिका |
| **न.पा.** | नगरपालिका |

## बिषय सुची

परिच्छेद एक :प्रारम्भिक
१.१ पृष्ठभुमि........................................................................................................१
१.२ नेपालगञ्ज कार्यालयको स्थापना ..........................................................................२
१.३ प्रतिवेदनको उद्देश्य ...........................................................................................३
१.४ प्रतिवेदनको सिमा...............................................................................................४
परिच्छेद दुई : आयोगको गठन, काम, कर्तव्य र अधिकार
२.१ राष्ट्रिय मानव अधिकार आयोग गठन ......................................................................५
२.२ आयोगको काम, कर्तव्य र अधिकार ........................................................................६
२.३ आयोगको कर्तव्य.................................................................................................७
२.४आयोगको काम......................................................................................................७
२.५ आयोगको कर्मचारीहरुलाई प्रत्यायोजित अधिकार .......................................................९
२.५.१ मानव अधिकार अनुसन्धान......................................................................................९
२.५.२ मानब अधिकार अनुगमन :.......................................................................................९
२.५.३ मानब अधिकार प्रवर्द्धन .........................................................................................१०
२.५.४ मानव अधिकार सम्बन्धी कानून पुनरावलोकन..............................................................१०
२.५.५ सिफारिश ...........................................................................................................१०
२.६ आयोगको अधिकार ...............................................................................................११
परिच्छेद तीन : लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जको जिम्मेवारी
३.१ अख्तियारी ..........................................................................................................१२
३.२ कार्यक्षेत्र .............................................................................................................१२
३.३ सांगठनिक संरचना ...............................................................................................१३
३.४ कर्मचारीको कार्यजिम्मेवारी बाडँफाड .........................................................................१४
परिच्छेद चार : आ.व.२०८२/८३मा यस कार्यालयबाट सम्पादित गतिविधिहरु
४.१ आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम ...........................................१६
४.२ आर्थिक वर्ष २०८२/०८३ मा यस कार्यालयको आर्थिक तथा भौतिक प्रगती ........................१६
४.३ संरक्षण सम्बन्धी कार्य ...........................................................................................१७
४.३.१ कार्यालयमा मौज्दात बिषयगत तथा जिल्लागत उजुरी विवरण ........................................१७
४.३.२ उजुरी परामर्श .......................................................................................................१८
४.३.३ आ.ब.२०८२/०८३मा दर्ता भएका उजुरी तथा सामान्य उजुरी विवरण ...............................१९

४.३.४ अनुसन्धान कार्य ..........२२

४.३.५ के.का.मा निर्णयका लागि पठाईएका उजुरीहरुको विवरण ..........२३

४.३.६ नेपालगञ्ज कार्यालयसँग सम्बन्धी आयोगबाट निर्णय भएका उजुरी विवरण ..........२७

४.४ अनुगमन सम्बन्धी कार्य ..........२८

४.५ केन्द्रिय कार्यालयबाट भएका कार्यक्रम/अनुगमन ..........३०

४.६ आयोगको आन्तरिक तथा बाह्य तालिम/ बैठकमा सहभागीता ..........३१

४.७ प्रवर्द्धनात्मक सम्बन्धि कार्य ..........३२

४.७.१ ७७ औं अन्तरार्ष्ट्रिय मानव अधिकार दिवस कार्यक्रम ..........३३

४.७.२ राष्ट्रिय मानव अधिकार आयोग स्थापना भएको २६ औँ वार्षिकोत्सव कार्यक्रम ..........३४

४.८ अनुगमन सम्बन्धी कार्य ..........३४

४.८.१ कारागार, हिरासत कक्ष र बालसुधार गृहको अवस्था अनुगमन ..........३४

४.८.२ प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को सन्दर्भमा बाँके, बर्दिया,दाङ, प्युठान र रोल्पा जिल्लामा मानव अधिकारको दृष्टिकोणबाट निर्वाचन पुर्वको अवस्था, निर्वाचनको दिन र निर्वाचन पश्चातको मानव अधिकार अवस्था अनुगमन ..........३५

४.८.४ नागरीकता नपाएको कारणले बर्दियाकी अन्जु थारुले आत्महत्या गर्नुपरेको भनिएको विषयमा गरीएको आकश्मिक अनुगमन..........३६

४.८.५ जिल्ला प्रहरी कार्यालय बाँकेको हिरासत र जिल्ला प्रशासन कार्यालय, बाँकेमा आयोगबाट गरीएको आकस्मिक अनुगमन ..........३६

४.८.६ बाँके, बर्दिया र दाङ जिल्लाको समग्र मानव अधिकार अवस्था अनुगमन ..........३७

परिच्छेद - पाँच : मानव अधिकार अवस्था

५.१ नागरीक तथा राजनैतिक अधिकारको अवस्था ..........४१

५.२ अभिव्यक्ति स्वतन्त्रताको अधिकार र मताधिकार..........४२

५.३ कैदीबन्दी,थुनुवा र बालबिज्याईकर्ताको अधिकारको अवस्था ..........४३

५.४ संक्रमणकालिन न्यायको अधिकार अवस्था..........४७

५.५ आर्थिकसामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था ..........४८

५.५.१ शिक्षा अधिकारको अवस्था ..........४८

५.५.२ स्वास्थ्य र खानेपानि अधिकारको अवस्था..........५१

५.६ महिलाबालबालिका तथा जेष्ठ ना,गरीकको अधिकारको अवस्था ..........५१

५.६.१ महिला अधिकारको अवस्था..........५१

५.६.२ बाल अधिकार अवस्था..........५२

५.६.३ जेष्ठ नागरीकको अवस्था..........५३

५.७. जातिय विभेद विरुद्धको अधिकारको अवस्था......................................................................................५४
५.८. अल्पसंङ्ख्यकको अधिकारको अवस्था...........................................................................................५५
५.९ श्रमिक तथा आप्रवासी कामदारको अधिकारको अवस्था ..............................................................................५५
५.१० व्यावसाय र मानव अधिकारको अवस्था.........................................................................................५७
५.११ बातावरणको अधिकार अवस्था ...............................................................................................५८
परिच्छेद -छ : उपलब्धि, चुनौती र सिफारिस
उपलब्धि ..........................................................................................................................६०
६ चुनौती ..........................................................................................................................६१
क) आन्तरिक चुनौती...............................................................................................................६१
ख) बाह्य चुनौती ...................................................................................................................६२
५.३ सिफारिस.........................................................................................................................६३
क) संघीय सरकारलाई.............................................................................................................६३
ख) प्रदेश सरकारलाई ..............................................................................................................६४
ग) स्थानीय तहलाई.................................................................................................................६५

## परिच्छेद एक : प्रारम्भिक

### १.१ पृष्ठभुमि:

गर्भ अवस्था देखि मृत्यु पर्यन्त मानव भएर बाँच्न आवश्यक सम्पुर्ण अधिकारलाइ मानव अधिकारको रुपमा बुझाउँछ। मानिस प्राकृतिक प्राणी भएकोले मानव अधिकारलाई प्राकृतिक अधिकार पनि भनिन्छ। नागरीकको हक अधिकारलाई संविधान वा प्रचलित कानूनमा ब्यवस्था नगरीए सम्म यसले बैधानिकता प्राप्त गर्न सक्दैन। त्यसैले मानव अधिकारका बिषयहरुलाई राज्यले संविधान र प्रचलित कानूनमा ब्यवस्था गर्न अति आवश्यक हुन्छ । नेपाल संयुक्त राष्ट्र संघको पक्ष राष्ट्र भईसके पश्चात पहिलो पटक राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३ निमार्ण भएको थियो । उक्त ऐनको दफा २ (च) ले मानवको जीवन, स्वतन्त्रता, समानता र मर्यादासित सम्बन्धित अधिकारहरु जो नेपालको संविधान, प्रचलित कानून र नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिहरुमा निहित अधिकारलाई सम्झनु पर्दछ भनि परिभाषित गरीएको थियो भने हाल कार्यान्वयनमा रहेको राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा २ (च) अनुसार मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता, र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरीएका अधिकार सम्झनु पर्दछ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाइ जनाउँदछ भनी परिभाषा गरेको पाइन्छ । संविधानको प्रस्तावनादेखी नै मानव अधिकारका विभिन्न विषयहरु समेटिएको र धेरै मानव अधिकारका विषयलाइ मौलिक हकको रुपमा स्थान दिइ नागरीकको अधिकारलाई सुरक्षित गर्ने प्रयास गरेको देखिन्छ । साथै, मानव अधिकारका विविध विषयहरुलाई सम्बोधन हुने गरी थुप्रै कानुनहरु बनाइ लागु गरेको पनि पाइन्छ । मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीहरु तथा प्रचलित कानूनले मानव अधिकारको सम्मान, संरक्षण तथा त्यसको प्रर्बद्धन गर्नको लागि राष्ट्रिय मानव अधिकार आयोगको स्थापना गरेको हो। मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम बि. सं. २०५७ साल ज्येष्ठ १३ गते स्थापित कानूनी संयन्त्रको रुपमा रहेको थियो भने नेपालको अन्तरिम संविधान, २०६३ देखि संवैधानिक निकायको रुपमा मान्यता प्राप्त गरी नेपालको संविधानले पनि संवैधानिक मान्यतालाई निरन्तरता दिएको छ। मानव अधिकारको सम्मान, संरक्षण र संम्बर्द्धन तथा यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने संवैधानिक दायित्व रहेको यस आयोगले नागरीकहरुको सहज पहुँचका लागि देशैभरी विभिन्न मितिमा विभिन्न कार्यालयहरुको स्थापना गरी मानव अधिकार संरक्षण, सम्बर्द्धन सम्बन्धी कार्य गर्दै आइरहेको छ।

नेपालको संविधानको भाग २५, धारा २४८ र धारा २४९ मा भएको व्यवस्था बमोजिम संविधानले दिएको कार्यदेश बमोजिम मानव अधिकार संरक्षण, सम्बर्द्धनका लागि मानव अधिकारको अवस्था अनुगमन, मानव

अधिकार उल्लंघनका घटनाको अनुसन्धान र मानव अधिकारको सस्कार निमार्णका लागि प्रर्बदनात्मक सम्बन्धी कार्य निरन्तररूपमा आयोग र मातहतका कार्यालयबाट कार्य हुँदै आएको छ। त्यस्तै, नेपालको संविधानको धारा २९३ को उपधारा ३ मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहिको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ भन्ने व्यवस्था समेत भएको सन्दर्भमा आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालयबाट आफ्नो कार्यक्षेत्रका बाँके, बर्दिया, दाङ, प्यूठान, रोल्पा र रुकुम पुर्वसमेतका छ वटा जिल्लामा यस कार्यालयबाट भए गरेका कार्य प्रगति र कार्यक्षेत्रमा रहेका जिल्लाको मानव अधिकार अवस्थालाई समेटि प्रस्तुत प्रतिवेदन तयार पारिएको छ ।

**१.२ नेपालगञ्ज कार्यालयको स्थापना:**

मानव अधिकारको संरक्षण र संम्बर्द्धनका लागि फ्रान्सको राजधानी पेरिसमा संयुक्त राष्ट्रसङ्घले एक सम्मेलनको आयोजना गरी आफ्ना सबै सदस्य राष्ट्रहरूमा एउटा राष्ट्रिय मानव अधिकार संस्था स्थापना गर्न सन् १९९१ मा प्रस्ताव राखेको थियो र उक्त प्रस्तावलाई सन् १९९३ मा बसेको महासभाले पारित गरी राष्ट्रिय मानव अधिकार संस्था स्थापना गर्ने सम्बन्धी भएको व्यवस्था बमोजिम संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुले कार्यान्वियन गर्ने क्रममा नेपालमा पनि राष्ट्रिय मानव अधिकार आयोग ऐन २०५३ निर्माण भएको थियो । उक्त ऐन बमोजिम राष्ट्रिय मानव अधिकार आयोग स्थापनामा ढिलाई भएपछि नागरीक आन्दोलनको दबाब, नेपालमा सशस्त्र द्वन्द्व चलिरहेको अवस्थामा द्वन्द्व बाट मानव अधिकार उल्लंघनका घटनाहरु दिनदिन बढ्दै गएको अवस्थामा नेपालमा आयोगको स्थापना भएको थियो। नेपालमा द्वन्द्व को कारण मानव अधिकार हनन्का घटनाहरु तत्कालिन मध्यपश्चिम बिकासक्षेत्र अन्तर्गतका जिल्लाहरुमा बसोबास गर्ने नागरीकहरु सबैभन्दा बढी प्रभाबित भएको र नागरीकहरुको आधारभूत अधिकार तथा मौलिक हकहरु स्वतन्त्रपूर्वक उपभोग गर्न बाधा पुगेको अवस्थामा मानव अधिकारको संरक्षण, सम्बर्द्धन र त्यसको प्रभावकारी कार्यान्वियनका माध्यमबाट मानव अधिकार संस्कृतिको विकास गर्ने उद्देश्यले मानव अधिकारको बढ्दो उल्लंघन भैरहेको पृष्ठभूमिमा आयोगको काम कारबाही प्रभावकारी हुन तथा सर्वसाधारणसम्म यसको पहुँच पुगोस भन्ने उद्देश्यले तत्कालिन मानव अधिकार आयोग ऐन, २०५३ को परिच्छेद ४ दफा १६ मा व्यवस्था भए बमोजिम क्षेत्रीय स्तरको कार्यालय स्थापना गर्न आवश्यकताको महसुस गरी यस क्षेत्रमा आयोगको पहिलो क्षेत्रीय कार्यालय मिति २०६१ साल मंसीर ७ गते विधिवत रुपमा नेपालगञ्जमा स्थापित भएको थियो ।

२०७२ साल असोज ३ गते हालको संविधान जारीभई मुलुक संघीय संरचनामा गएपश्चात राष्ट्रिय मानव अधिकार आयोगको तत्कालिन क्षेत्रीय कार्यालयलाई लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जको रुपमा

रुपान्तरित भई मानव अधिकार संरक्षण र सम्बर्द्धन सम्बन्धी कार्य गर्दै आएको छ । तत्कालिन क्षेत्रीय कार्यालय नेपालगञ्जले बाँके,बर्दिया,दाङ, सुर्खेत, जाजरकोट, रुकुम, रोल्पा, प्यूठान, सल्यान,दैलेख लगायतका जिल्लाहरु कार्यक्षेत्रको रुपमा रहेका थिए भने संघीयता लागु पश्चात उक्त क्षेत्रीय कार्यालय लुम्बिनी प्रदेश शाखा कार्यालयमा रुपान्तरण भएपछि साविकको रुकुम जिल्ला टुक्रिएर रुकुम पुर्व र रुकुम पश्चिम दुईवटा जिल्लामा बिभाजन भएपश्चात बनेको जिल्ला रुकुम पुर्व,बाँके, बर्दिया, दाङ, रोल्पा र प्यूठान समेत गरी छ वटा जिल्ला आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्ने गरी तोकिएको छ । यसरी यस क्षेत्रमा आयोगको कार्यालय स्थापना भएपछि मानव अधिकारको उल्लंघका घटनाहरुको अनुसन्धान गर्ने, मानव अधिकारको अवस्थाको अनुगमन गर्ने, मानव अधिकार सम्बन्धी सचेतना तथा मानव अधिकार शिक्षा प्रदान गरी मानव अधिकार संस्कृतिको बिकास गर्दै सचेतना विस्तार गर्ने कार्यमा सहजता आएको मात्र नभई यसको पहुँच स्थानीय स्तरसम्म पुर्याउन सघाउ समेत पुगेको छ । नीति निर्माण तथा निर्णय जस्ता कार्यहरु बाहेक अन्य कार्यहरु सम्पन्न गर्ने अख्तियारी प्राप्त आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालयले आफ्नो क्षेत्राधिकार भित्र परेका जिल्लाहरुमा मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक कार्यहरु गर्दै आईरहेको छ ।

**१.३ प्रतिवेदनको उद्देश्य:**

राष्ट्रिय मानव अधिकार आयोग एक संवैधानिक निकाय हो । संविधानको धारा २४९ मा भएको व्यवस्था बमोजिम आयोगले प्रत्येक वर्ष आफु र आफु मातहत रहेका कार्यालयबाट समेत वर्षभरि सम्पन्न गरेका गतिविधिहरु सहितको प्रतिवेदन तयार गरी राष्ट्रपतिलाई बुझाउनु पर्ने व्यवस्था रहेको छ । त्यस्तै, संवैधानिक निकायहरुले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा प्रदेश बमोजिम अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्नेछ भन्ने व्यवस्था समेत रहेको सन्दर्भमा यस कार्यालयले लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्ज मातहत रहेका बाँके ,बर्दिया ,दाङ ,रुकुम पुर्व ,रोल्पा र प्यूठान सहितका छ जिल्लामा सम्पन्न भएका काम कारवाही र मानव अधिकार अवस्था समेत समेटिएको प्रतिवेदन तयार गरेको हो। साथै , आ.व.२०८२/०८३ मा यस लुम्बिनी प्रदेश शाखा कार्यालयले गरेको काम कारवाही र मानव अधिकार अवस्था सहितको अभिलेख राख्न पनि यस प्रतिवेदनको उद्देश्य हो। यस कार्यालयलाई आ.व. २०८२/०८३ मा प्राप्त वजेट र कार्यक्रमको प्रगति अवस्था र मानव अधिकारको अवस्था कस्तो रहयो ? उपलब्धि, समस्या, चुनौति र समाधानका उपायहरु के कस्तो रहेका छन् ? भन्ने विषयमा जानकारी प्रदान गर्ने र भए गरेको कामको अभिलेखीकरण गरी आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालयबारे सरोकारवालाहरुलाई जानकारी दिने र

जानकारी लिन चाहने सबै वर्ग वा समुदायलाई जानकारी उपलब्ध गराउने पनि यस प्रतिवेदनको मुख्य उद्देश्य हो।

**१.४ प्रतिवेदनको सिमा:**

यस लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जको आ.व. २०८२/०८३ मा स्विकृत वार्षिक बजेट तथा कार्यक्रमका आधारमा सम्पन्न भएका वार्षिक कार्यक्रम, कार्यालयको पहलबाट सम्पन्न गतिविधीहरु,मानव अधिकार संरक्षण, संम्बर्द्धन तथा प्रबर्द्धन सम्बन्धी सम्पन्न गतिविधीहरु र केन्द्रिय कार्यालयबाट भएको निरिक्षण लगायतका बिषयहरु यस प्रतिवेदनको मुख्य आधार बनाइएको छ । आयोगबाट आ.व. २०८२/०८३ मा यस शाखा कार्यालयबाट सम्पन्न भएका गतिविधिहरुलाई मात्र समेटिएको हुदा उक्त समेटिएका बिषयहरु नै यस प्रतिवेदनको सिमा रहेको छ । यस कार्यक्षेत्रका छ वटा जिल्लाहरुमा भएको अनुगमन, अनुसन्धान, कार्यक्षेत्र अन्तर्गतका जिल्लाहरुमा घटेका मानव अधिकारसँग सम्बन्धि विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचार, सूचना एवम् जानकारीलाई पनि मानव अधिकार अवस्था मापनको लागि आधार बनाइएको छ । त्यस्तै, यस कार्यालयको कार्यक्षेत्रभित्रका सरकारी कार्यालयहरु जस्तै जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्थानीय तह लगायत मानव अधिकारको क्षेत्रमा क्रियाशिल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ सस्थाहरू, पत्रकार, नागरीक समाजसँग विभिन्न समयमा गरीएका अन्तरक्रिया एवम् छलफलबाट प्राप्त जानकारीहरूलाई पनि यस प्रतिवेदनमा समेटिएको छ।

## परिच्छेद दुई : आयोगको गठन, काम, कर्तव्य र अधिकार

२.१ राष्ट्रिय मानव अधिकार आयोग गठन

१ नेपालमा एक राष्ट्रिय मानव अधिकार आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चार जना सदस्य (रहनेछन् ।

२ राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिस (मा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

३ राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष ( र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ।

४ बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको पुनः नियुक्ति हुन सक्ने (२) उपधारा ( छैन । तर सदस्यलाई अध्यक्षको पदमा नियुक्ति गर्न सकिनेछ र त्यस्तो सदस्य अध्यक्षको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरीनेछ।

५ (उपधारा मा जुनसुकै कुर (३)ा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ ।

क. निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा (,

ख. बमोजिम महाभियोगको प्रस्ताव पारित भएमा १०१ निजको विरूद्ध धारा (,

ग. शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी ( संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा,

घ. निजको मृत्यु भएमा ।

६ देहायको योग्यता भएको व्यक्ति राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिका लागि योग्य हुनेछ ।

क. अध्यक्षको हकमा मानव अधिकारको संरक्षण र संवर्द्धनको ( क्षेत्रमा विशिष्ट योगदान पुर्याएका प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीशको पदबाट सेवानिवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र

संवर्द्धन वा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा कम्तीमा बीस वर्ष क्रियाशील रही विशिष्ट योगदान पुर्याई ख्यातिप्राप्त गरेको,

ख. सदस्यको हकमा मानव अधिकारको संरक्षण र संवर्द्धन (बालबालिकाको हक हितको क्षेत्रमा कार्यरत वा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा कम्तीमा बीस वर्ष क्रियाशील रही विशिष्ट योगदान पुर्याई ख्यातिप्राप्त गरेको ।

ग (मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि हासिल गरेको।

घ (पैतालिस वर्ष उमेर पूरा गरेको।

ङ (नियुक्ति हुँदाका बखत राजनीतिक दलको सदस्य नरहेको।

च (उच्च नैतिक चरित्र भएको ।

७ राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्त संघीय कानून बमोजिम हुनेछ। राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरीने छैन । तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन ।

८ राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन ।तर कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुर्याएको मानिने छैन।

**२.२ आयोगको काम, कर्तव्य र अधिकार**

आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण, संम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सहितको कार्यदिश नेपालको संविधान २०७२ को धारा २४९ र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले प्रदान गरेको छ । आयोगको काममा कुनैपनि किसिमको हस्तक्षेप नहोस् भन्दै पेरिस सिद्धान्तमा भएको व्यवस्थालाई राष्ट्रिय कानुनमा समाहित गरी गर्ने सन्दर्भमा नेपालको संविधानको धारा २९३ ले संसदीय

समितिले अन्य संवैधानिक निकायहरूलाई निर्देशन वा राय सल्लाह दिनसक्ने अधिकार राखेपनि यस आयोगको हकमा निर्देशन वा राय सल्लाह पनि दिन नपाउने व्यवस्था गरी आयोगको स्वतन्त्रता र स्वायत्ततालाई संवैधानिक संरक्षण प्रदान गरेको छ।

**२.३ आयोगको कर्तव्य**

नेपालको संविधान, २०७२ को धारा २४९(१) अनुसार मानव अधिकारको सम्मान, संरक्षण, संम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वियनलाई सुनिश्चित गर्नु आयोगको कर्तव्य रहेको छ ।

**२ .४ आयोगको काम**

आयोगले आफ्नो कर्तव्य पुरा गर्नका लागि नेपालको संविधान २०७२ को धारा २४९(२) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम देहायका काम गर्नेछ ।

**क.** कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफै वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने ।

**ख.** मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने ।

**ग.** मानव अधिकार उल्लंघनगर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनुपर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्धा दायर गर्न सिफारिस गर्ने ।

घ( मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरीक समाजसँग समन्वय र सहकार्य गर्ने ।

**ङ.** मानव अधिकारको उल्लंघनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

**च.** मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नुपर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

**छ.** मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नपर्ने भएमा त्यसको कारण सहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

**ज.** मानव अधिकारको उल्लंघनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रूपमा अभिलेख राख्ने ।

**३. मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालन गर्दा देहाय बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ।**

क. कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने ।

ख. घन हुनमानव अधिकारको गम्भीर उल्लं ( लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लंघन सँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने ।

ग. व्यक्तिको मानव अधिकार उल्लंघन कुनै भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने ।

घ. मानव अधिकारको उल्लंघनबाट पीडितलाई का नून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने,

४ राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो काम , कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार सो आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

५ आयोगले आफ्नो काम राष्ट्रिय मानव अधिकार , कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुनेछ।

**२.५ आयोगको कर्मचारीहरुलाई प्रत्यायोजित अधिकार**

**२.५.१ मानव अधिकार अनुसन्धान**

- मानव अधिकार संरक्षण अन्तर्गत मानव अधिकारको उल्लंघन वा ज्यादती भएको विषयको अनुसन्धान, अनुगमन र अध्ययन सम्बन्धी कार्यहरू रहेका छन् । आयोगले संरक्षण सम्बन्धी काम अन्तर्गत मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूमा उजूरी ग्रहण गर्ने, स्वयम् जानकारीमा लिई उजूरी दर्ता गर्ने र सो उपर अनुसन्धान गर्ने ।
- मानव अधिकारको उल्लंघन हुनवाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर छानविन गर्ने ।
- मानव अधिकार उल्लंघन सम्वन्धमा आयोगले गरेको सिफारिश वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्ने ।

**२.५.२ मानब अधिकार अनुगमन**

- मानव अधिकारको विद्यमान अवस्थाबारे समीक्षा गरी सो सम्बन्धी प्रतिवेदनहरू सार्वजनिक गर्ने ।

- कारागार, नेपाल सरकारका अन्य निकाय, सार्वजनिक संस्था वा निजी संस्था वा अन्य कुनै ठाउँको निरीक्षण तथा अनुगमन गर्ने, गराउने र मानव अधिकारको संरक्षणको लागि त्यस्ता निकाय, संस्था वा ठाउँमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक सुझाव वा निर्देशन दिने ।
- मानव अधिकार संरक्षण तथा त्यसको कार्यान्वयनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने र मानव अधिकार संरक्षणका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने ।

**२.५.३ मानब अधिकार प्रवर्द्धन**

- मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरीक समाजसँग समन्वय र सहकार्य गर्ने ।
- मानव अधिकार संवर्द्धन, प्रवर्द्धनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने ।
- मानव अधिकार संवर्द्धन तथा प्रवर्द्धनका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने ।

**२.५.४ मानव अधिकार सम्बन्धी कानून पुनरावलोकन**

- मानव अधिकारसँग सम्वन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने ।

**२.५.५ सिफारिश**

- मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिश गर्ने ।
- नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने ।
- मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी परा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पुरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिश गर्ने ।
- मानव अधिकार उल्लंघनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिश गर्ने ।
- मानव अधिकार सम्बन्धी प्रचलित कानूनको कार्यान्वयन स्थितिको अनुगमन गर्ने तथा सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिश गर्ने।

- मानव अधिकार सम्बन्धी शिक्षामूलक विषयवस्तुलाई विद्यालय तथा विश्व विद्यालयको पाठ्यक्रममा समावेश गर्न सम्बन्धित निकायमा सिफारिश गर्ने ।
- मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने । तथा त्यसमा गर्नुपर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिश गर्ने ।
- मानव अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनुपर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने।

**२.६ आयोगको अधिकार**

- मानव अधिकार उल्लंघन वा ज्यादतीका घटनाको अनुसन्धानको क्रममा आयोगलाई अदालतलाई भए सरहको अधिकार रहेको छ । यस सम्बन्धमा संविधानको धारा २४९(३) ले व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने प्रमाण बुझने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भएसरहको अधिकार रहेको छ ।
- मानव अधिकार उल्लङ्घन भएको वा हुन लागेको सूचना कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लंघनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने ।
- कुनै व्यक्तिको मानव अधिकार उल्लंघन भइरहेको कुरा जानकारी भई तत्काल कारवाही गर्नुपर्ने आवश्यक देखिएमा बिना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने ।
- मानव अधिकार उल्लंघनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

## परिच्छेद तीन: लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जको जिम्मेवारी

### ३.१ अख्तियारी

मिति २०६१ साल मंसीर ७ गते विधिवत रुपमा आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जको रुपमा स्थापित भएपनि संघीयता लागु भएपश्चात हाल लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जको रुपमा रुपान्त्रण भई सञ्चालनमा रहेको छ । यस कार्यालयलाई प्राप्त अख्तियारी अनुसार वर्तमान संविधानले दिएको कार्यादिश मानव अधिकार अनुगमन, अनुसन्धान र प्रर्बद्धन सम्बन्धी कार्य रहेको छ । सोही कार्यदिशमा आधारित रही आयोगको बार्षिक कार्यक्रम र अन्य भैपरि आउने अवस्थालाई समेत प्राथमिकतामा राखी यस कार्यालयको कार्यक्षेत्रभित्रका बाँके, बर्दिया, दाङ, रोल्पा, प्यूठान र रुकुम पुर्व गरी छ वटा जिल्लाहरुमा मानव अधिकारका विषयमा अनुगमन, अनुसन्धान तथा प्रबर्द्धनसम्बन्धी कार्य गर्दछ। मानव अधिकार अनुगमन अन्तर्गत मानव अधिकारका विविध विषयहरुको समय समयमा अनुगमन गरी मानव अधिकार अवस्थाको समिक्षा र सुधारका लागि पहल तथा नीतिगत सिफारिस, मानव अधिकार अनुसन्धान अन्तर्गत कार्यक्षेत्र भित्रका जिल्लाहरुबाट प्राप्त मानव अधिकार हनन् सम्बन्धी उजुरीहरु उपर अनुसन्धान कार्य सम्पन्न गरी निणयार्थ आयोगमा पेश गर्ने र मानव अधिकार उजुरी उपर अनुसन्धान गर्दा ऐन बमोजिम अदालतलाई भए सरहको अख्तियारी प्रयोग गर्दछ। त्यस्तै मानव अधिकार सम्बर्द्धन अन्तर्गत मानव अधिकारसम्बन्धी जनचेतना कार्यक्रम, मानव अधिकार शिक्षासम्बन्धी कार्यक्रम सञ्चालनमा भुमिका निर्वाह गर्दछ। त्यस्तै नेपाल सरकारका विभिन्न सरकारी कार्यालयहरु, गैरसरकारी क्षेत्र, नागरीक समाजका व्यक्ति, संघ संस्थाहरु, मानव अधिकार रक्षक, पत्रकार आदीसँग समन्वय सहकार्य र सहजीकरण सम्बन्धी कार्य पनि गर्दछ ।

### ३.२ कार्यक्षेत्र :

लुम्बिनी प्रदेश अन्तर्गतका १२ वटा जिल्लाहरु मध्ये बाँके, बर्दिया, दाङ, रुकुम पुर्व, प्यूठान र रोल्पा गरी ६ वटा जिल्लाहरु यस कार्यालयको कार्यक्षेत्र अन्तरर्गत पर्दछन।

**३.३ सांगठनिक संरचना**

आयोगको सांगठनिक संरचना आयोगको सिफारिसमा नेपाल सरकारले स्विकृत गर्ने कानूनी प्रावधान रहेको छ । आयोग स्थापना भएको समयमा नेपाल सरकारबाट स्वीकृत गरीएको आयोगको सांगठनिक संरचना नै संघिय संरचना पश्चात पनि सोही सांगठनिक संरचना लागु रहेको छ । नेपालको संघीय संरचनानुसार तत्कालिन क्षेत्रीय कार्यालय नेपालगञ्जको रुपमा रहेको कार्यालयको नाम संघीयता लागु पश्चात लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जमा रुपान्त्रण गरीएको भएपनि शुरुवाती अवस्थामा स्वीकृत गरीएको सांगठनिक संरचना नै कायम रहेको छ। जुन तलको तालिकामा देखाईएको छ ।

**तालिका नं १ : नेपालगञ्ज कार्यालयको सांगठनिक संरचनाको विवरण :**

| क्र.स. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १. | सहसचिवक्षेत्रीय निर्देशक/ | १ | |
| २. | उपसचिवउपनिर्देशक/ | १ | |
| ३ | मानव अधिकार अधिकृत | ५ | |
| ४. | लेखा अधिकृत | १ | |
| ५. | लेखा सहायक | १ | |
| ६. | सूचना प्रविधि सहायक | १ | |
| ७ | सहायक प्रथम | १ | |
| ८ | सवारी चालक | २ | |
| ९ | कार्यालय सहयोगी | २ | |
| १० | सुरक्षागार्ड | ३ | |
| | **जम्मा** | **१८** | |

माथि उल्लेखित तालिकामा देखाईएको विवरण बमोजिम तत्कालिन क्षेत्रीय कार्यालय नेपालगञ्जका लागि सहसचिव/क्षेत्रीय निर्देशक १ (एक), उपसचिव/ उपनिर्देशक १ (एक) , मानव अधिकार अधिकृत ५ (पाँच) , लेखा अधिकृत १ (एक) , लेखा सहायक १ (एक) , सूचना प्रविधि सहायक १ (एक) , सहायक प्रथम १ (एक), सवारी चालक २ (दुई), कार्यालय सहयोगी २ (दुई) , र सुरक्षागार्ड ३ (तीन) जना समेत गरी

जम्मा १८ जनाको दरबन्दी रहेको भएपनि लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जमा उप निर्देशक/उपसचिव १ (एक), मानव अधिकार अधिकृत २ (दुई) , सूचना प्रविधि सहायक १ (एक) , सहायक प्रथम १ (एक) १ लेखापाल ,(एक(, सवारी चालक १ (एक), कार्यालय सहयोगी २ (दुई) , र सुरक्षागार्ड १ (एक ) जना समेत गरी जम्मा १० रहेको र उप निर्देशक/उपसचिव के.कामा काजमा रहेको हुदा हाल ९ जना कर्मचारी कार्यरत रहेका छन ।

**३.४ कर्मचारीको कार्य जिम्मेवारी बाडँफाड**

संविधानको धारा २४९ मा भएको व्यवस्था र आयोगको ऐन, नियमावली तथा निर्देशिका बमोजिम आयोगद्वारा यस कार्यालयलाई प्रदत्त जिम्मेवारी प्रभावकारी रुपमा वहन गर्नु यस कार्यालयको कर्तव्य हो। यस लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जलाई प्रदान गरीएको कार्य जिम्मेवारी अनुरुपको उद्देश्य प्राप्ति गर्न कार्यालयमा मौज्दात साधन स्रोत र कार्यरत जनशक्तिको उत्तिकै भुमिका रहन्छ र सवैको सामुहिक प्रयासबाट मात्र निर्दिष्ट उद्देश्य सम्भव हुन्छ ।संविधान, ऐन, नियमावली तथा निर्देशिकाले दिएको अधिकार बमोजिम लिएका उद्देश्य पुरा गर्नका लागि कार्यालयमा कार्यरत जनशक्तिहरुलाई तपशिल बमोजिमको कार्य जिम्मेवारी बाडँफाड गरीएको छ ।

**तालिका नं २: कार्यालयमा कार्यरत कर्मचारीको कार्य जिम्मेवारी बाडँफाड सम्बन्धि विवरण:**

| क्र.स. | कर्मचारीको नाम थर | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १. | अनिश कुमार पौडेल | उपसचिव | – | केका काज. |
| २. | द्वारिका कुमारी अधिकारी | मानव अधिकार अधिकृत | कार्यालय प्रमुख | |
| ३. | उपमा फुयाल | मानव अधिकार अधिकृत | ESCR/CPED/सूचना अधिकारी ICCPR/CAT/CEDAW/ILO CRC/Env./Migra./others | |
| ४. | जिबछ कुमार दास | सूचना प्रविधि सहायक | सूचना प्रविधि तथा संरक्षण सम्बन्धि | |
| ५. | विशाल खनाल | सहायक प्रथम | प्रशासनस्टो /रस्रोत/ केन्द्र | |
| ६. | सुबास कुमार सहनी | लेखापाल | लेखा | |

| | | | | |
|---|---|---|---|---|
| ७. | भरत गिरी | सवारी चालक | सवारी साधन चलाउने | |
| ८. | टिकाराम अधिकारी | कार्यालय सहयोगी | कार्यालयलाई सहयोग | |
| ९. | सन्तोष चन्द | कार्यालय सहयोगी | कार्यालयलाई सहयोग | |
| १०. | भरत सिंह परियार | सुरक्षागार्ड | कार्यालय सुरक्षा | |
| ११. | मुकेश बागवान | माली | बगैचा रेखदेख | करार सेवा |

माथि दिएको तालिकाको आधारमा विश्लेषण गर्दा उपसचिव अनिश कुमार पौडेल केन्द्रिय कार्यालयमा काजमा रहेको हुँदा मानव अधिकार अधिकृत द्वारिका कुमारी अधिकारीलाई कार्यालय प्रमुखको जिम्मेवारी, मानव अधिकार अधिकृत उपमा फुयाललाई बालअधिकार, बातावरण, आप्रबासन भएका व्यक्तिको अधिकार सम्बन्धि उजुरी र, मानव अधिकार रक्षक फोकल व्यक्तिको रुपमा जिम्मेवारी, आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकार, बेपत्ता भएका व्यक्तिको अधिकार सम्बन्धी उजुरी, सूचना अधिकारीको जिम्मेवारी, नागरीक तथा राजनितिक अधिकार, यातना, महिला अधिकार र श्रमिकका अधिकार सम्बन्धी उजुरीको बिषयगत अधिकृत जिम्मेवारी ,सूचना प्रविधि सहायक जिबछ कुमसर दासलाई सूचना प्रविधि तथा संरक्षण सम्बन्धि जिम्मेवारी, सहायक प्रथम विशाल खनाललाई प्रशासन/स्टोर/स्रोतकेन्द्र सम्बन्धि जिम्मेवारी ,लेखापाल सुबास कुमार सहनीलाई लेखा सम्बन्धि जिम्मेवारी, भरत गिरीलाई सवारी चालकको जिम्मेवारी, टिकाराम अधिकारी र सन्तोष चन्दलाई कार्यालय व्यवस्थापन र सरसफाईको जिम्मेवारी र सुरक्षागार्ड भरत सिंह परियारलाई कार्यालयको सुरक्षा जिम्मेवारी हुने गरी बाँडफाड गरीएको छ ।

## परिच्छेद चार : आ.व.२०८२/०८३ मा यस कार्यालयबाट सम्पादित गतिविधिहरु

### ४.१ आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम

आर्थिक वर्ष २०८२/०८३ मा यस लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जका लागि अर्थ मन्त्रालयको मन्त्रालयगत सूचना प्रणाली (Line Ministry Budget Inormation System-LMBIS) मा तोकिएका कार्यक्रममा विनियोजित बजेट तथा कार्यक्रमको सिमाभित्र रहेर खर्च गरीएको छ । यस कार्यालयको लागि कार्यक्रमतर्फ कुल जम्मा रु ९,००,००० (अक्षररुपी नौ लाख मात्र) बजेट विनियोजन भएकोमा उजुरी अनुसन्धान, मानव अधिकारका बिषयमा अनुगमन र विभिन्न दिवस मनाउने समेतका कार्यक्रम समाबेश रहेका थिए । जुन देहायअनुसार रहेको छ ।

**तालिका नं ३: आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत कार्यक्रमको विवरण**

| क्र.स. | कार्यक्रम शिर्षक | कार्यक्रम संख्या |
|---|---|---|
| | **शिर्षक तर्फ २२५२२ तर्फ कुल कार्यक्रम** | |
| १ | मानव अधिकार उल्लंघनका घटना, उजुरी तथा फाईलहरुको अनुसन्धान | ९ |
| २ | मानव अधिकार प्रचलनको अवस्था अनुगमन | ८ |
| | **शिर्षक तर्फ २२५२९ दिबस कार्यक्रम** | |
| ३ | आयोगको स्थापना दिबस | १ |
| ४ | अन्तराष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर) | १ |
| जम्मा | | १९ |

माथिको तालिकालाई हेर्दा यस लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जको बार्षिक कार्यक्रम अन्तर्गत९ वटा अनुसन्धान मिसन, ८वटा बिषयगत अनुगमन र २ वटा आयोगको स्थापना दिवस र अन्तराष्ट्रिय मानव अधिकार दिवस समेत गरी जम्मा १९ वटा कार्यक्रम तोकिएका थिए ।

### ४.२ आर्थिक वर्ष २०८ र २०८३ मा यस कार्यालयको आर्थिक तथा भौतिक प्रगती

चालु आर्थिक वर्ष २०८२/०८३ मा यस कार्यालयका लागि प्रशासनिकतर्फ रु. १,२२,८९,००० थप रकमान्तर भई आएको रू . ब८५,७७६ र कार्यक्रमतर्फ रु ९०,००,००० समेत गरी १,२५,७४, ६७६

विनियोजन भएको थियो ।बिनियोजनन भएको बजेट अन्तर्गत कार्यक्रमर्फ शिर्षक नं २२५२२ तर्फ ९,००,००० (अक्षररुपी नौ लाख मात्र) बिनियोजन भएकोम ५४८४१५ बजेट खर्च भएको थियो ।वार्षिक कार्यक्रममा ९ वटा मिसन तोकिएको भएपनि कार्यालयको न्यून जनशक्तिका कारण ४ वटा अनुसन्धान मिसन मात्र सम्पन्न गर्दा ६० वटाको कार्य सम्पन्न गरी निर्णयको लागि केन्द्रिय कार्यालयमा पठाएको थियो र १५ वटा फाईलको कार्य सम्पन्न गरी केन्द्रिय कार्यालयमा पठाउनको लागि तयारीमा रहेको । अनुगमन तर्फ ८ वटा तोकिएकोमा ६ वटा बिषयगत र ६ वटा आकस्मिक अनुगमन समेत गरी १२ वटा अनुगमन भएको थियो। त्यस्तै, २२५२९ विविध कार्यक्रम खर्च अन्तर्गत आयोगको स्थापना दिवस र अन्तराष्ट्रिय मानव अधिकार दिवस समेतका दुई वटा दिवसका लागि रु १,००,००० (अक्षररुपी एकलाख मात्र) बिनियोजन भएकोमा रु ९९,९३८.०० खर्च गरी दुवै वटा कार्यक्रम भव्य रुपमा सम्पन्न भएका थिए ।

## ४.३ संरक्षण सम्बन्धी कार्य

### ४.३.१ कार्यालयमा मौज्दात बिषयगत तथा जिल्लागत उजुरी विवरण

आर्थिक वर्ष २०८२/०८३ को शुरुवातमा राष्ट्रिय मानव अधिकार आयोगको यस नेपालगञ्ज कार्यालयमा बिगत देखि यस आ.ब.सम्ममा कार्यक्षेत्रका छ वटा जिल्लाबाट दर्ता भई बिचाराधिन अवस्थामा रहेका मौज्दात बिषयगत तथा जिल्लागत उजुरीहरुसमेत कुल २४५ उजुरी रहेका छन।जस अन्तर्गत मानव अधिकार उल्लंघन सम्बन्धि बिषयगत उजुरीहरु मध्ये नागरीक तथा राजनितिक ८७ वटा, आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी ६३ वटा ,बालबालिका सम्बन्धी ५१ वटा, वेपत्ता सम्बन्धी ६५ वटा, यातना सम्बन्धी ७० वटा र महिला सम्बन्धी ९ वटा उजुरी रहेका छन । सो उजुरीहरुमा सबैभन्दा बढी नागरीक तथा राजनितिक अधिकार सम्बन्धी ८७ वटा रहेका छन भने सबैभन्दा कम महिला सम्बन्धी ९ वटा उजुरी रहेका छन । त्यस्तै, जिल्लागत उजुरी हेर्दा दाङ जिल्लाबाट ४७ वटा, रुकुम पुर्वबाट ३५ वटा, प्यूठान जिल्लाबाट १२ वटा,बर्दिया जिल्ला ४३ वटा, रोल्पा जिल्लाका ११४ वटा, बाँके जिल्लाका ८५वटा र अन्य फरक फरक

जिल्लाबाट एकमुष्ट ९ वटा गरी कुल ३४५उजुरीहरु रहेकोमा सबैभन्दा बढी उजुरी रोल्पा ११४ वटा र सबै भन्दा कम उजुरीहरु प्यूठानबाट १२ वटा उजुरी बिचाराधिन अवस्थामा रहेका छन।

तालिका नं ४ : कार्यालयमा मौज्दात बिषयगत तथा जिल्लागत उजुरी विवरण :

| बिषय/जिल्ला | ICCPR | ESCER | CRC | DIS | CAT | CEDAW | जम्मा |
|---|---|---|---|---|---|---|---|
| दाङ | ८ | १२ | | १२ | १४ | १ | ४७ |
| रुकुम पुर्व | २९ | ५ | | १ | | | ३५ |
| प्यूठान | १ | ४ | | | ७ | | १२ |
| बर्दिया | ५ | ७ | | २० | ९ | २ | ४३ |
| बाँके | २० | २१ | | १८ | २४ | २ | ८५ |
| रोल्पा | १८ | १३ | ५१ | १४ | १४ | ४ | ११४ |
| अन्य जिल्लाका उजुरी | ६ | १ | | | २ | | ९ |
| जम्मा | ८७ | ६३ | ५१ | ६५ | ७० | ९ | ३४५ |

### ४.३.२ उजुरी परामर्श

आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालयमा रहेको मौज्दात जिल्लागत उजूरी र यस आ.ब.मा पर्न आएका सामान्य उजुरी र अनुगमन अनुसन्धानको क्रममा विभिन्न ब्यक्तिहरुलाई परामर्श दिने कार्य गरीएको थियो।उजूरीको प्रकृति अनुसार तत्काल समाधान हुने किसिमका निवेदन, आयोगको क्षेत्राधिकार भित्र नपर्ने उजुरी र क्षेत्राधिकार भित्र पर्ने तर सामान्य प्रकृतिका उजुरी लगायतको बिषयमा आयोगको यस कार्यालयबाट परामर्श सेवा प्रदान गरीएको थियो । उजूरीलाई दर्ता नगरी सम्बन्धित निकायसँग समन्वय गरेर पनि तत्काल समाधान हुने निवेदन उपर पनि परामर्श गरी सम्बन्धित निकायमा पठाईएको थियो। आ.व. २०८२/०८३ मा यस प्रदेश शाखा कार्यालय नेपालगञ्जमा लिखित, मौखिक र प्रत्यक्ष कार्यालयमा समेत गरी ७८ वटा निवेदन उपर परामर्श गरी कार्यालयबाट हुने र कार्यालयबाट सम्भव नभए सम्बन्धित निकायमा न्यायका लागि परामर्श सहित पठाईएको थियो । क्षेत्राधिकार भित्र पर्ने उजुरीहरुलाई उजुरीको प्रकृति अनुसार ७८ वटा बाट गम्भिरताका आधारमा छुट्याई सामान्य उजुरीको रुपमा ४४ वटा दर्ता भएका गरीएको थियो भने अन्य क्षेत्राधिकार भित्र नपर्ने तर सामान्य पत्राचार मार्फत कारवाही अगाडी बढ्ने खालका उजुरीहरुको अन्य

निकायमा परामर्श गरी पठाईएको थियो । साथै, आयोगको यस कार्यालयबाट अनुसन्धान, अनुगमनका क्रममा र अन्य छलफलका क्रममा घरेलु हिंसा, जबरजस्ती करणी, सहकारी पीडितको समस्या, विद्यालयमा हुने गरेको शारीरिक दण्ड, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध र विभिन्न मानव अधिकारका सवालहरुमा धेरै पीडित तथा उजुरीकर्ता, प्रश्नकर्ता लगायतलाई परामर्श कार्य भएको थियो ।

**४.३.३ आ.व. २०८२/०८३ मा दर्ता भएका उजुरी तथा सामान्य उजुरी विवरण :**

आर्थिक वर्ष २०८२/०८३मा आयोगको, यस लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जको कार्यक्षेत्रमा पर्ने ६ वटा जिल्लाबाट विभिन्न मितिमा पर्न आएका उजुरीहरुलाई उजुरीको प्रकृतिको आधारमा संरक्षणको लागि मुलदर्ता नभएपनि कार्यालयमा सामान्य दर्ता गरी कार्यालयको तर्फबाट गर्नुपर्ने आवश्यक कार्य जस्तै जानकारी माग, अनुगमन,जानकारीको टिपोट लगायतका अन्य आवश्यक अनुसन्धान कार्यको पहल भएका ४४ वटा उजुरीहरु सामान्य उजुरीको रुपमा दर्ता भएका छन। उक्त दर्ता भएका उजुरीहरुमा अभद्र व्यवहार, न्याय प्रशासन, अपहरण/वेपत्ता, हत्या, यातना, बाताबरण ,कारागारमा मृत्यू, गैरकानुनी पक्राउ, नागरीकता दिलाईपाउँ समेतका ४४ वटा उजुरी दर्ता भई आवश्यक पहल गरीएको थियो । दर्ता भएका सामान्य उजुरीहरु देहायअनुसार रहेका छन ।

**तालिका नं ५ : आर्थिक वर्ष २०८२/०८३ मा दर्ता भएका सामान्य उजुरीको विवरण :**

| क्र.स | उजुरी दर्ता मिति | जिल्ला | उजुरीको बिषय | उजुरीको अवस्था |
|---|---|---|---|---|
| १ | २०८२/०१/१४ | बाँके | आगो लगाई फालिएको | सम्वन्धित निकायमा पत्राचार गरी जबाफ पाएको र मुद्दा अदालनमा विचारधिन रहेको |
| २ | २०८२/०१/१५ | जाजरकोट | जाजरकोट | काम सम्पन्न गरी सुर्खेत पठाएको |
| 3 | २०८२/०३/१४ | बाँके | यातना | साधारण दर्ता गरी आवश्यक कारबाही गरेको |
| 4 | २०८२/०४/२२ | बाँके | न्याय प्रशासन | सम्वन्धित निकायमा पत्राचार गरेको |
| 5 | २०८२/०५/०५ | बाँके | ज्यु ज्यान धनको | साधारण दर्ता गरी आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| | | | शान्ति सुरक्षा पाउँ | कारबाही गरेको |
| 6 | २०८२/०५/१८ | बाँके | न्यान प्रशासन | सम्वन्धित निकायमा पत्राचार गरेको |
| 7 | /2082०६/०२ | बाँके | यातना/न्याय प्रशासन /मृत्यु | सम्वन्धित निकायमा पत्राचार गरेको |
| 8 | २०८२/०६/०७ | बर्दिया | विभेद र दुषित मनसाय | सम्वन्धित निकायमा पत्राचार गरेको र जबाफ आएको |
| ९ | २०८२/०६/१० | बाँके | ज्यु ज्यान धनको सुरक्षा पाउँ | साधारण दर्ता गरी आवश्यक कारबाही गरेको |
| १० | २०८२/०७/०२ | बाँके | न्याय प्रशासन | सम्वन्धित निकायमा पत्राचार गरेको |
| ११ | २०८२/०७/२३ | बाँके | प्रहरीले जाहेरी नलिएको | सम्वन्धित निकायमा पत्राचार गरेको |
| १२ | २०८२/०७/२४ | बाँके | निष्पक्ष छानविन | साधारण दर्ता गरी आवश्यक कारबाही गरेको |
| १३ | २०८२/०८/२५ | बर्दिया | न्याय प्रशासन | अनुसन्धान सम्पन्न भई केन्द्रिय कार्यालयमा पठाएको |
| १४ | २०८२/०८/२५ | बर्दिया | यातना | साधारण दर्ता |
| १५ | २०८२/०९/०२ | बर्दिया | जग्गा सम्बन्धित | फोन मार्फत सम्पर्क गर्दा प्रहरीमा उजुरी दिने लगाएको |
| १६ | २०८२/०९/११ | बाँके | आर्थिक सामाजिक | साधारण दर्ता गरी आवश्यक कारबाही गरेको |
| १७ | २०८२/०९/१८ | बाँके | डाक्टरको लापरवाहीले उपचार गर्ने बेला मृत्यु | सम्वन्धित निकायमा पत्राचार गरीएको २०८२/११/०४ |
| १८ | २०८२/०९/२२ | बाँके | बलत्कार | सम्वन्धित निकायमा पत्राचार गरेको र जवाफ आएको |
| १९ | २०८२/०९/२९ | बर्दिया | आगजनी र ज्यान मार्ने धम्की | साधारण दर्ता गरी आवश्यक कारबाही गरेको |
| २० | २०८२/१०/०६ | बाँके | ज्यु ज्यान धनको सुरक्षा | साधारण दर्ता गरी आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| | | | पाउँ | कारबाही गरेको |
| २१ | २०८२/१०/११ | बाँके | जबरजस्ति करणी | साधारण दर्ता गरी आवश्यक कारबाही गरेको |
| २२ | २०८२/१०/२६ | बाँके | प्रहरीबाट यातना | सम्वन्धित निकायमा पत्राचार गरेको |
| २३ | २०८२/११/०४ | रोल्पा | कुटपिट | अनुगमन गरी अवस्था बुझेको / परामर्श प्रदान |
| २४ | २०८२/११/१५ | बाँके | वेपत्ता | साधारण दर्ता गरी आवश्यक कारबाही गरेको |
| २५ | २०८२/११/०४ | बर्दिया | जबरजस्ती विबाह | साधारण दर्तापरामर्श प्रदान/ |
| २६ | २०८२/११/२४ | बाँके | प्रहरीबाट यातना | सम्वन्धित निकायमा पत्राचार गरेको |
| २७ | २०८२/११/२५ | बर्दिया | न्याय प्रशासन | साधारण दर्ता गरी आवश्यक कारबाही गरेको |
| २८ | २०८२/१२/२६ | बाँके | राष्ट्रिय झन्डा जलाएको सम्बन्धमा | साधारण दर्ता गरी आवश्यक कारबाही गरेको |
| २९ | २०८२/१२/२६ | बाँके | ज्यु ज्यान धनको शान्ति सुरक्षा पाउँ | सम्वन्धित निकायमा पत्राचार गरेको |
| ३० | २०८२/१२/२६ | बाँके | वेपत्ता | साधारण दर्ता गरी आवश्यक कारबाही गरेको |
| ३१ | २०८२/१२/२६ | बाँके | कुटपिट र धम्की | साधारण दर्ता गरी आवश्यक कारबाही गरेको |
| ३२ | २०८३/०१/१४ | दाङ | जाहेरीमा जालसाज गरी प्रहरीमा पेश भएको | सम्वन्धित निकायमा पत्राचार गरी जबाफ पाएको र पुन पत्राचार |
| ३३ | २०८३/०१/१७ | बाँके | बाच्न पाउने अधिकार | अन्सन तोड्न वातावरण सहजिकरण गरेको र परामर्श दिएको |
| ३४ | २०८३/०२/०१ | बर्दिया | अनुरोध पत्र | बस्तिको अवस्था बुझ्न गएको /परामर्श प्रदान |

| | | | | |
|---|---|---|---|---|
| ३५ | २०८३/०२/०१ | बर्दिया | ध्यानाकर्षण पत्र | साधारण दर्ता गरी आवश्यक कारबाही गरेको |
| ३६ | २०८३/०२/१८ | बाँके | प्रहरी उजुरी दर्ता नगरेको | साधारण दर्ता गरी आवश्यक कारबाही गरेको |
| ३७ | २०८३/०२/२२ | बाँके | कुटपिट र लुटपाट गरेको | साधारण दर्ता गरी आवश्यक कारबाही गरेको |
| ३८ | २०८३/०२/२८ | दाङ्ग | बस्ती हटाउने विषय | साधारण दर्ता गरी आवश्यक कारबाही गरेको |
| ३९ | २०८३/०२/२८ | बर्दिया | बस दुर्घटनामा घाईते उपचारमा मापर्बाही गरेको | सम्बन्धित निकायलाई पत्राचार |
| ४० | २०८३/०३/०२ | मकवानपुर | प्रहरीद्वारा हिरासतमा बिना उपचारको राखेको | साधारण दर्ता गरी आवश्यक कारबाही गरेको |
| ४१ | २०८३/०३/०२ | बाँके | यातना/कुटपिट | सम्बन्धित निकायलाई पत्राचार/परामर्श प्रदान |
| ४२ | २०८३/०३/०२ | बाँके | परिवारद्वारा कुटपिट/यातना | साधारण दर्ता |
| ४३ | २०८३/०३/०२ | बाँके | प्रहरीद्वारा दुर्व्यवहार र मानव अधिकार उल्लङ्घन | सम्बन्धित निकायलाई पत्राचार/परामर्श प्रदान |
| ४४ | २०८३/०३/०४ | बाँके | अपहरण र कुटपिट | साधारण दर्ता, परामर्श दिएको र प्रहरी सँग सो सम्बन्धि जानकारी लिएको |

**४.३.४ अनुसन्धान कार्य**

यस आर्थिक वर्षमा राष्ट्रिय मानव अधिकार आयोग, लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जको कार्यक्षेत्रमा पर्ने ६ वटा जिल्लाबाट विभिन्न मितिमा दर्ता भएका मानव अधिकार उल्लंघनका घटना सम्बन्धी उजुरीहरुको अनुसन्धान सम्पन्न गरीएको छ। अनुसन्धानका सिलसिलामा आर्थिक वर्ष २०८२/०८३ मा जम्मा ६० उजुरी

पुर्ण अनुसन्धान भई केन्द्रिय कार्यालयमा पठाएको थियो र १५ वटा उजुरी अनुसन्धान सम्पन्न भई जम्मा ७५ वटा उजूरी माथि अनुसन्धान कार्य सम्पन्न भएको छ। आयोगको यस लुम्बिनी प्रदेश शाखा कार्यालयको कार्यक्षेत्र अन्तर्गतका जिल्लामा सम्पन्न भएका अनुसन्धान मिसन, मिति, जिल्ला उजुरीको बिषय, उजुरी संख्या , अनुसन्धान टोली समेतको विवरण तलको तालिकामा देखाईएको छ ।

तालिका ६: आ.व. २०८२/०८३ मा अनुसन्धान गरीएका जिल्ला,विषय र उजुरी संख्याको विवरण :

| क्र.सं. | अनुसन्धान मिति | जिल्ला/स्थान | अनुसन्धान भएका उजुरी बिषय | अनुसन्धान उजुरी विवरण | | | अनुसन्धान टोली |
|---|---|---|---|---|---|---|---|
| | | | | पुर्ण | आंशिक | जम्मा | |
| १ | २०८२/५/३० -६/३० | बाँके र बर्दिया | विभिन्न बिषय उजुरी | ७ | ० | ७ | दयाराम पाठक<br>प्रशान्त दाहाल |
| २ | २०८२/१०/१५-१०/२१ | बाँके र बर्दिया | विभिन्न बिषय उजुरी | ९ | ० | ९ | धनराज शाही<br>दयाराम पाठक<br>उपमा फुयाल |
| ३ | २०८३/२/०५-२ /११ | बाँके र बर्दिया | बेपत्ता - २<br>हत्या - २<br>आत्महत्या- १ | ५ | ० | ५ | द्वारिका कुमारी अधिकारी<br>उपमा फुयाल<br>विशाल खनाल |
| ४ | २०८३/३/४-३/२२ | बाँके र बर्दिया | हत्या - ३<br>बेपत्ता - ३<br>आत्महत्या- १ | ७ | ० | ७ | द्वारिका कुमारी अधिकारी<br>उपमा फुयाल<br>जिबछ कुमार दास |
| | | | | २८ | ० | २८ | |

**४.३.५ केका.मा निर्णयका लागि पठाईएका उजुरीहरुको विवरण**

आर्थिक वर्ष २०८२/०८३ मा यस लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जबाट ६० वटा उजुरीहरुको अनुसन्धान सम्पन्न भएकोमा केही उजुरीहरुको सिफारिसका लागि आवश्यक कार्य भैरहेको हुदा हाल केन्द्रिय कार्यालयमा निर्णयका लागि पठाईएका उजुरीहरुको विवरण मात्र तालिकामा उल्लेख गरीएको छ।

**तालिका नं ७ : के.का निर्णयका लागि पठाईएका उजुरीहरुको विवरण**

| क्र.सं. | उजुरी नं | CMRS नं | जिल्ला | विषय | कैफियत |
|---|---|---|---|---|---|
| १ | उजुरी नं: १३४६ | CMRS नं : ५७३९ | बर्दिया | यातना | सिफारिस |
| २ | उजुरी नं: १३९५ | CMRS नं: ६०५७ | बर्दिया | यातना | सिफारिस |
| ३ | उजुरी नं: १५४७ | CMRS नं: १७५२९ | दाङ | दुरव्यहवार | सिफारिस |
| ४ | उजुरी नं : १८६६ | CMRS नं : ११३२१ | | आर्थिक समाजिक | सिफारिस |
| ५ | उजुरी नं: ५५३ | CMRS नं:५९१६ | बाँके | हत्या बेपत्ता | सिफारिस |
| ६ | उजुरी नं: ३९४ | CMRS नं: ११०९५ | बर्दिया | आर्थिक समाजिक | सिफारिस |
| ७ | उजुरी नं: २२३४ | CMRS नं : १७४९५ | दाङ | यातना | सिफारिस |
| ८ | उजुरी नं: १९१७ | CMRS नं : १७४९६ | दाङ | यातना | सिफारिस |
| ९ | उजुरी नं: १७४५ | CMRS नं: १७५२८ | दाङ | हत्या | सिफारिस |
| १० | उजुरी नं:१९६८ | CMRS नं : ११६३३ | बाँके | हत्या | सिफारिस |
| ११ | उजुरी नं: ८४३ | CMRS नं : १०७३४ | बाँके | अपहरण | |
| १२ | उजुरी नं: १३५८ | CMRS नं : १७७२६ | बाँके | यातना | |
| १३ | उजुरी नं: १६८३ | CMRS नं : १७७१७ | बर्दिया | वेपत्ता | |
| १४ | उजुरी नं: ३८०/५५० | CMRS नं : १७७१८ | बर्दिया | सुरक्षाकर्मीद्वारा पक्राउ गरी वेपत्ता | |
| १५ | उजुरी नं: ६२४ | CMRS नं : १७७२० | बर्दिया | यातना | |
| १६ | उजुरी नं: ४३६ | CMRS नं : १७७२४ | बाँके | गैरकानूनी हत्या | |
| १७ | उजुरी नं: २०४४ | CMRS नं : १७७२३ | बाँके | जग्गा कव्जा | |
| १८ | उजुरी नं: १३१७ | CMRS नं : १७७२१ | बाँके | यातना | |
| १९ | उजुरी नं: २३३२ | CMRS नं : १७७१४ | बर्दिया | न्याय प्रशासन | |
| २० | उजुरी नं: ४७ | CMRS नं : १२१७७ | बर्दिया | हत्या | |
| २१ | उजुरी नं: १०२८ | CMRS नं : १२१५९ | बर्दिया | माओवादीबाट यातना | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | उजुरी नं: २००७ | CMRS नं : ५८६८ | बाँके | यातना | |
| २३ | उजुरी नं: १७६३ | CMRS नं : १४२६६ | दाङ | लुटपाट र यातना | |
| २४ | उजुरी नं: १७०२ | CMRS नं : १४२६३ | दाङ | यातना | |
| २५ | उजुरी नं: १३६१ | CMRS नं : १११८७ | बर्दिया | प्रहरीबाट यातना | |
| २६ | उजुरी नं: १५८५ | CMRS नं : ११०८९ | बाँके | हत्या | |
| २७ | उजुरी नं: १४२५ | CMRS नं : १३७७३ | बाँके | अपहरण पछि हत्या | |
| २८ | उजुरी नं: १५९९ | CMRS नं : ११०९६ | बाँके | हत्या | |
| २९ | उजुरी नं: १५२० | CMRS नं : १२१६९ | बर्दिया | सेनाद्वारा यातना | |
| ३० | उजुरी नं: १३० | CMRS नं : ९७३० | बाँके | हत्या | |
| ३१ | उजुरी नं: १६०३ | CMRS नं : १३१६७ | बाँके | हत्या | |
| ३२ | उजुरी नं: १३४७ | CMRS नं : १७७९९ | बाँके | सुरक्षाकर्मी द्वारा यातना | |
| ३३ | उजुरी नं: १६७९ | CMRS नं : १७८०० | बर्दिया | प्रहरीबाट वेपत्ता | |
| ३४ | उजुरी नं: १७९९ | CMRS नं : १७७९७ | बर्दिया | कुटपिट गरी अपाङ्ग गराएको | |
| ३५ | उजुरी नं: १७७४ | CMRS नं : १७८०१ | बर्दिया | सेनाबाट वेपत्ता | |
| ३६ | उजुरी नं: १८ | CMRS नं : १७६५९ | रोल्पा | आर्थिक समाजिक | |
| ३७ | उजुरी नं: १७६ | CMRS नं : १७६५१ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ३८ | उजुरी नं: ५५ | CMRS नं : १७६५० | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ३९ | उजुरी नं: १७८ | CMRS नं : १७६४९ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ४० | उजुरी नं: १८१ | CMRS नं : १७६४५ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ४१ | उजुरी नं: १८३ | CMRS नं : १७६४४ | रोल्पा | नागरीक तथा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | राजनीतिक | |
| ४२ | उजुरी नं: १७९ | CMRS नं : १७६४३ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ४३ | उजुरी नं: १८२ | CMRS नं : १७६४१ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ४४ | उजुरी नं: १८० | CMRS नं : १७६३५ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ४५ | उजुरी नं: १४८ | CMRS नं : १७६३४ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ४६ | उजुरी नं: २१५ | CMRS नं : १७६२२ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ४७ | उजुरी नं: १९० | CMRS नं : १७६२१ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ४८ | उजुरी नं: १९३ | CMRS नं : १७६१९ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ४९ | उजुरी नं: १९२ | CMRS नं : १७६१८ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ५० | उजुरी नं: १९१ | CMRS नं : १७६१६ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ५१ | उजुरी नं: १९४ | CMRS नं : १७६१५ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ५२ | उजुरी नं: १४१ | CMRS नं : १७६१४ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ५३ | उजुरी नं: १३८ | CMRS नं : १७६१३ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ५४ | उजुरी नं: १४६ | CMRS नं : १७६१२ | रोल्पा | नागरीक तथा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | राजनीतिक | |
| ५५ | उजुरी नं: १४० | CMRS नं : १७६११ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ५६ | उजुरी नं: १३९ | CMRS नं : १७६०७ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ५७ | उजुरी नं: १०७ | CMRS नं : १७६०६ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ५८ | उजुरी नं: ७८/१४२ | CMRS नं : १७६०५ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ५९ | उजुरी नं: ७८/१४३ | CMRS नं : १७६०४ | रोल्पा | नागरीक तथा राजनीतिक | |
| ६० | उजुरी नं: १०६ | CMRS नं : १७५९७ | रोल्पा | नागरीक तथा राजनीतिक | |

साथै, माथि तालिकामा उल्लेखित ३५ वटा उजुरी के.का पठाईएको र केन्द्रबाट अनुसन्धानमा खटिएको अनुसन्धान टोलीले अनुसन्धान सम्पन्न गरी केन्द्रमा बुझाउने गरी यस कार्यालयबाट लिएका २५ वटा उजुरी समेत गरी ६० वटा उजुरीहरु केन्द्रिय कार्यालयमा पठाईएको थियो भने बाँकी सम्पन्न भएका १५ वटा उजुरीहरु के.का पठाउन अन्तिम तयारीको कार्य भई रहेका छ ।

**४.३.६ नेपालगञ्ज कार्यालयसँग सम्बन्धी आयोगबाट निर्णय भएका उजुरी विवरण**

आयोगको नेपालगञ्ज कार्यालयबाट विभिन्न मितिमा द्वन्द्व कालिन तथा सो पश्चात समेत उजुरीहरु उपर अनुसन्धान सम्पन्न गरी अनुसन्धानका सम्पुर्ण कार्य समाप्त भई आयोग समक्ष सिफारिसका लागि पठाईएका विभिन्न उजुरीहरु निर्णयकालागि आयोगमा पेश भई यस आ.व. २०८२/०८३ मा मात्र नेपालगञ्ज कार्यालयसँग सम्बन्धित जम्मा ११ वटा उजुरी उपर निर्णय गरीएको छ ।

**४.४ अनुगमन सम्बन्धी कार्य**

संविधानले दिएको कार्यदेश लाई पुरा गर्न आयोगको बार्षिक कार्यक्रमका आधारमा विभिन्न मानव अधिकारका सवालहरुको बिषयमा स्थलगत अनुगमन गरी प्राप्त तथ्यांकका आधारमा प्रतिवेदन तयार गरी केन्द्रिय कार्यालयमा पठाउने कार्य गरीएको थियो । बार्षिक कार्यक्रममा ८ वटा अनुगमन स्वीकृत भएको भएतापनि विभिन्न मानव अधिकारको अवस्थाका बिषयमा यस कार्यालयबाट आ.व. २०८२/०८३ मा १२ पटक बिषयगत तथा आकस्मिक अनुगमन गरीएको थियो। न्यून बजेट तथा जनशक्तिका वावजुद कार्यक्षेत्र भित्रका जिल्लाहरु मध्ये रुकुम पुर्वमा आयोगको यस कार्यालयबाट आफ्नो भौतिक उपस्थिति गर्न नसकिएतापनि अन्य बाँके, बर्दिया,दाङ, र रोल्पा र प्यूठान समेतका ५ जिल्लामा भने पटक पटक आयोगको उपस्थिति भएको छ।तसर्थ, अनुगमन गरीएका जिल्ला र स्थानीय तहहरुबाट आवश्यक जानकारी संकलन गरी प्रतिवेदन तयार भई आवश्यक कारवाहीका लागि आयोगको केन्द्रिय कार्यालयमा पठाईएको थियो । यस आ.ब.मा यस कार्यालयबाट विभिन्न समयमा भएको अनुगमनको विवरण तालिकामा देखाईएको छ ।

**तालिका नं ८ : आयोगको यस कार्यालयबाट भएको बिषयगत तथा आकस्मिक अनुगमन विवरण**

| क्र.सं | अनुगमन गरीको विषय | जिल्ला | अनुगमन अवधि | अनुगमन टोली |
|---|---|---|---|---|
| १. | जेन-जी आन्दोलनको अनुगमन । | आयोगको यस कार्यालयको क्षेत्राधिकार अन्तर्गतका सबै जिल्ला | २०८२/६/२०-६/२६ | दयाराम पाठक<br>प्रशान्त दाहल |
| २. | नौबस्ता बालसुधार गृह बाँकेमा भएको गोली काण्डको अनुगमन | बाँके | २०८२/६/२७-६/३० | द्वारिका कु. अधिकारी<br>दयाराम पाठक<br>प्रशान्त दाहल |

| क.सं | अनुगमन गरीको विषय | जिल्ला | अनुगमन अवधि | अनुगमन टोली |
|---|---|---|---|---|
| ३. | नागरीकता नपाएको भनि बर्दियाकी अन्जु चौधरीले आत्महत्या गरेको विषयमा गरीएको अनुगमन | बर्दिया | २०८२/९/१-९/३ | द्वारिका कु. अधिकारी<br>दयाराम पाठक<br>उपमा फुयाल |
| ४. | प्रतिनिधी सभा सदस्य निर्वाचन २०८२ निर्वाचन पुर्व अनुगमन | बाँके/बर्दिया | २०८२/११/५-११/८ | द्वारिका कु. अधिकारी<br>दयाराम पाठक |
| ५. | प्रतिनिधी सभा सदस्य निर्वाचन २०८२ अनुगमन /पुर्व ,निर्वाचन) निर्वाचन पश्चातको / निर्वाचन अवधी (अवस्था | बाँके/बर्दिया /दाङ | २०८२/११/१७-११/२३ | द्वारिका कु. अधिकारी<br>उपमा फुयाल<br>नरेन्द्र महतो कोईरी |
| ६. | प्रतिनिधी सभा सदस्य निर्वाचन २०८२ अनुगमन /पुर्व ,निर्वाचन) निर्वाचन पश्चातको / निर्वाचन अवधी (अवस्था | बाँके/बर्दिया /दाङ | २०८२/११/१७-११/२३ | धनराज शाही<br>दयाराम पाठक<br>जिबछ कुमार दास |
| ७. | जयन्दु बालसुधार गृह अनुगमन | बाँके | २०८२/११/२८-११/२८ | द्वारिका कु. अधिकारी<br>दयाराम पाठक<br>जिबछ कुमार दास |
| ८. | बन्धा सिमा नाका र नेपालगञ्ज भंसार अनुगमन | बाँके | २०८३/१/११-१/११ | द्वारिका कु. अधिकारी<br>उपमा फुयाल<br>विशाल खनाल |

| क्र.सं | अनुगमन गरीको विषय | जिल्ला | अनुगमन अवधि | अनुगमन टोली |
|---|---|---|---|---|
| ९ | भेरी अस्पतालमा OPD सेवा बन्दको कारण बुझ्नको अनुगमन | बाँके | २०८३/०१/१५-१/४५ | द्वारिका कु. अधिकारी<br>उपमा फुयाल<br>जिबछ कुमार दास |
| १० | जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको हिरासत अनुगमन | बाँके | २०८३/१/१६-१/१६ | द्वारिका कु. अधिकारी<br>उपमा फुयाल |
| ११ | सञ्जिवनी अस्पतालमा अनसनरत रुवी खाँको स्वस्थ्य अवस्थाको अनुगमन | बाँके | २०८३/२/५-२/५ | द्वारिका कु. अधिकारी<br>उपमा फुयाल<br>विशाल खनाल |
| १२ | मानव अधिकारको अवस्थाको समसामायिक अनुगमन | बाँके/बर्दिया/दाङ | २०८३/२/२५-२/३१ | द्वारिका कु. अधिकारी<br>विशाल खनाल<br>सुबास कुमार सहनी |

**४.५ केन्द्रिय कार्यालयबाट भएका कार्यक्रम/अनुगमन**

मानव अधिकार संरक्षणको सिलसिलामा आयोगको केन्द्रिय कार्यालयबाट पटक पटक मानव अधिकार रुक्षकहरुको अवस्था अध्ययन,उजुरी फाईल निरिक्षण तथा प्रशासनिक निरिक्षण समेत गरी ३ वटा कार्यक्रममा अनुगमन सम्पन्न भएको थियो, जुन तालिकामा देखाईएको छ ।

**तालिका नं ९: केन्द्रिय कार्यालयबाट भएका कार्यक्रम / अनुगमन विवरण**

| क.स. | कार्यक्रम/अनुगमनको बिषय | जिल्ला | कार्यक्रम अवधि | केन्द्रिय अनुगमन टोली |
|---|---|---|---|---|
| १ | घुमति सिविर कार्यक्रम | बर्दिया र दाङ | २०८२/४/१ | माननीय सूर्य ढुंगेल<br>माननीय मनोज दुवाडी<br>खिमानन्द बस्याल |
| २ | जेन-जी आन्दोलनको अनुगमन | बाँके | २०८२/५/२८ | माननीय डा. लिलि थापा<br>गिता दाहल |
| ३ | E-Hajiri Machine Install गर्न | बाँके | २०८३/०३/०८ | सुलोचन चौधरी<br>सपना सिंह<br>प्रशान्त दाहल |

**४.६ आयोगको आन्तरिक तथा बाह्य तालिम/ बैठकमा सहभागीता**

आयोगको आ.व. २०८२/०८३ मा यस नेपालगञ्ज कार्यालयमा कार्यरत कर्मचारीहरु मध्ये विभिन्न मितिमा सञ्चालन भएका तपशिलका कर्मचारीहरु निम्न बमोजिको शिर्षक र आन्तरिक तथा बाह्य तालिममा सहभागीता रहेको देखिन्छ। तालिमामा सहभागीता भएको विवरण तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं १०: आयोगको आन्तरिक तथा बाह्य तालिम/ बैठकमा सहभागीता विवरण :**

| क.स. | तालिम/कार्यक्रमको शिर्षक | तालिम/कार्यक्रमको अवधि | आयोजक | सहभागी कर्मचारी |
|---|---|---|---|---|
| १ | ३ महिने सेवाकालिन तालिम | २०८२ असोज देखि मंसिर | Staff College | धनराज शाही |
| २ | आयोगमा सेवा प्रवेश तथा परिचयात्मक तालिम | २०८३/११/०८ देखि ११/१२ | आयोग | उपमा फुयाल |
| ३ | आयोगमा सेवा प्रवेश तथा परिचयात्मक तालिम | २०८३/११/०८ देखि ११/१२ | आयोग | जिबछ कुमार दास |
| ४ | NHRIS and Gender | 22 March to 22 | Asian Pacific | Upama Phuyal |

| | | | | |
|---|---|---|---|---|
| | Equility for NHRIS | May 2026 | Forum's Online | |
| ५ | PAMS सम्बन्धि तालिम | २०८३/०२/१८ | कोष तथा लेखा नियन्त्रक कार्यालय | विशाल खनाल |
| ६ | CGAS सम्बन्धि तालिम | २०८३/०२/१८ | कोष तथा लेखा नियन्त्रक कार्यालय | सुबास कुमार सहनी |

**४.७ प्रवर्द्धनात्मक सम्बन्धि कार्य**

आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्जबाट आर्थिक वर्ष २०८२/०८३ को श्रावण महिना देखि असार मसान्त सम्मको अबधिमा अनुसन्धान, अनुगमनको क्रममा विभिन्न निकायहरुसँग भेटघाट, छलफल गरेको भएपनि मुख्य रुपमा प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत मानव अधिकारको अन्तराष्ट्रिय दिवस र आयोगको स्थापना दिवससमेतका दिवस २ वटा, लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान तथा अन्तराष्ट्रिय मानव अधिकार दिवसको कार्यक्रमको तयारी सम्बन्धि अन्तरक्रिया तथा छलफल कार्यक्रम अवस्था सम्बन्धि १ वटा र मानव अधिकार सञ्जालको मासिक कार्यक्रम २ वटा गरी कुल ५ वटा प्रवर्द्धनात्मक कार्यक्रम भव्य रुपमा सम्पन्न गरीएका थिए ।जसलाई देहाए बमोजिमको तालिकामा देखाइएको छ ।

**तालिका नं आ.व. २०८२/०८३ मा भएका प्रवर्द्धनात्मक कार्यक्रमको विवरण:**

| क.स. | कार्यक्रमको शिर्षक | जिल्ला/ स्थान | कार्यक्रम मिति | आयोजक |
|---|---|---|---|---|
| १ | लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान तथा अन्तराष्ट्रिय मानव अधिकार दिवसको कार्यक्रमको तयारी सम्बन्धि अन्तरक्रिया तथा छलफल कार्यक्रम | आयोगको सभाहल बाँके | २०८२/८/१४ | आयोगको नेपालगञ्ज कार्यालय |
| २ | मानव अधिकार सञ्जालको मासिक कार्यक्रम | आयोगको सभाहल बाँके | २०८२/११/१० | आयोगको नेपालगञ्ज कार्यालय |

| | | | | |
|---|---|---|---|---|
| ३ | मानव अधिकार सञ्जालको मासिक कार्यक्रम | आयोगको सभाहल बाँके | २०८३/०१/१२ | आयोगको नेपालगञ्ज कार्यालय |
| ४ | अन्तराष्ट्रिय मानव अधिकार दिवसको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम | स्वस्तिक कटेज, बाँके | २०८२/०८/२४ | आयोगको नेपालगञ्ज कार्यालय |
| ५ | आयोगको २६औं बार्षिक उत्सवको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम | स्वस्तिक कटेज, बाँके | २०८३/०२/१३ | आयोगको नेपालगञ्ज कार्यालय |

**४.७.१ ७७ औं अन्तरार्ष्ट्रिय मानव अधिकार दिवस कार्यक्रम**



"Human Rights:Our Every Essentials " भन्ने मुल ७ नाराका साथ७ औं अन्तरार्ष्ट्रिय मानव अधिकार दिवसको अवसरमा राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्ज द्वारा मिति २०८२ साल मंसिर २४ गते )10 December, 2025) को अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम भव्यताका साथ सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता आयोगको नेपालगञ्ज कार्यालयका कार्यालय प्रमुख द्वारिका कुमारी अधिकारीले गर्नुभएको थियो भने उक्त कार्यक्रममा प्रमुख अतिथिका रुपमा उच्च अदालत तुल्सिपुर नेपालगञ्ज ईजलासका माननीय न्यायाधीश वामदेव ज्ञवाली रहनु भएको थियो । उक्त कार्यक्रममा बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी लगायत सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, सुरक्षा निकायका प्रमुखहरु, बार एसोसिएसनका पदाधिकारी, विभिन्न गैरसरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु ,क्रियाशील अधिकारकर्मीहरु, सञ्चारकर्मीहरुको समेत उपस्थितिमा शुभकामना आदान प्रदान कार्यक्रम भव्यताका साथ सम्पन्न भएको थियो । साथै, कार्यक्रमका प्रमुख अतिथि,बिशिष्ट अतिथि र अतिथिहरुबाट मानव अधिकार संरक्षण प्रति प्रतिबद्धता सहित शुभकामना व्यक्त गर्नु भएको थियो ।

**४.७.२ राष्ट्रिय मानव अधिकार आयोग स्थापना भएको २६ औँ वार्षिकोत्सव कार्यक्रम :**




राष्ट्रिय मानव अधिकार आयोग स्थापना भएको २६ औं वार्षिकोत्सव अवसरमा आयोगको यस लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्जको आयोजनामा शुभकामना आदान प्रदान-कार्यक्रम मिति २०८३/०२/१३ गते सम्पन्न गरीएको थियो । उक्त कार्यक्रमको अध्यक्षता आयोगको नेपालगञ्ज कार्यालयका कार्यालय प्रमुख द्वारिका कुमारी अधिकारी, प्रमुख अतिथि जिल्ला समन्वय समिति प्रमुख ज्ञानेन्द्र बहादुर चौधरी, विशिष्ट अतिथि नेपालगञ्ज उपमहा नगरपालिकाका प्रमुख प्रशान्त विष्ट, प्रमुख जिल्ला अधिकारी, दिल कुमार तामाङ, प्रहरी उपरिक्षक अङ्गुर जिसी, सशस्त्र प्रहरी बल नं ३० गणका सशस्त्र प्रहरी प्रमुख लगायत विभिन्न सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न गैरसरकारी सस्थाका प्रमुख तथा प्रतिनिधि, नेपाल पत्रकार महासंघका अध्यक्ष लगायत सम्पुर्ण सञ्चारकर्मी ज्यूहरु, बाँके जिल्लामा मानव अधिकार संरक्षण तथा सम्बर्द्धनको सिलसिलामा सक्रिय रुपमा कार्यरत अधिकारकर्मीहरु,कानून व्यवसायीहरु, नागरीक समाजका अगुवाहरु लगायत करिव ९० जनाको सहभागीतामा २६औं बार्षिकोत्सव कार्यक्रम भव्यरुपमा सम्पन्न भएको थियो। सोही कार्यक्रमका प्रमुख अतिथि,बिशिष्ट अतिथि, अतिथिहरुज्यूहरु बाट शुभकामना मन्तव्य राखु भएको थियो। कार्यक्रमका सम्पुर्ण सहभागीहरुलाई स्वागत तथा कार्यक्रमको उद्देश्य माथि प्रकाश मानव अधिकार अधिकृत द्वारिका कुमारी अधिकारी पार्नु भएको थियो भने कार्यक्रम संचालन मानव अधिकार अधिकृत उपमा फुयालले गर्नु भएको थियो ।

## ४.८ अनुगमन सम्बन्धी कार्य

**४.८.१ कारागार, हिरासत कक्ष र बालसुधार गृहको अवस्था अनुगमन**



आयोगको यस लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्जबाट मिति २०८३ साल जेठ २५ गते देखि ऐ .३१ गते सम्म बाँके, बर्दिया र दाङ जिल्लामा रहेका कारागारहिरासत कक्ष र , थुनुवा र ,बालसुधार गृहमा रहेका कैदीबन्दी २०७९ बालबिज्याईकर्ताहरुको मानव अधिकार कारागार ऐन मा भएको प्रावधान अनुसार भए ,नभएको/कैदीबन्दी ,थुनुवा र

बालबिज्याईकर्ताहरुका आफन्तहरुले सहज भेटघाट गर्ने अवस्था रहे नरहेकोकैदीबन्दी तथा, थुनुवाहरुको खान र बसाईको व्यवस्थास्वास्थ्य उपचार ,/नपाएको,थुनुवा र कैदीबन्दीहरुले मौलिक तथा कानूनी अधिकार सहज रुपमा उपभोग गर्न पाए क्षमता ,शिप बिकास ,नपाएको/बिकासकाराग ,ार प्रशासनस ,ुरक्षाकर्मीहरु लगायतको समसामायिक अवस्थाको अनुगमन सम्पन्न गरी केन्द्रिय कार्यालय पठाईएको कार्य भएको थियो । कारागार अनुगमनमा नेपालगञ्ज कार्यालयका कार्यालय प्रमुख द्वारिका कुमारी अधिकारी, सहायक प्रथम विशाल खनाल र लेखापाल सुबास कुमार सहनी सहितको अनुगमन टोलीले अनुगमन कार्य संकलन गरी प्राप्त तथ्यांङ्कका आधारमा प्रतिवेदन तयार गरी के.का .पठाईएको थियो ।

### ४.८.२ प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को सन्दर्भमा बाँके, बर्दिया,दाङ, प्युठान र रोल्पा जिल्लामा मानव अधिकारको दृष्टिकोणबाट निर्वाचन पुर्वको अवस्था, निर्वाचनको दिन र निर्वाचन पश्चातको मानव अधिकार अवस्था अनुगमन



नेपालको संविधानमा नै व्यवस्था भएको आवधीक निर्वाचन लोकतन्त्रको आधारस्तम्भ मानिन्छ ।मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २१ र नेपाल पक्ष भएको नागरीक तथा राजनितिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा २५ ले प्रत्येक व्यक्तिलाई प्रदान गरेको निर्वाचन सम्बन्धी अधिकार प्रचलनको सम्बन्धमा नेपालको संविधान र अन्य प्रचलित कानूनले व्यवस्था गरे बमोजिम नागरीकहरुले भयरहित वातावरणमा शान्ति पुर्ण ,स्वतन्त्रपुर्वक आबधिक निर्वाचनमा आफ्नो उम्मेदवारी दिन पाउने ,प्रचार प्रसार गर्न पाउने र मतदान प्रक्रियामा सहभागी भई आफ्नो प्रतिनिधि चयन गर्न पाउने नागरीक अधिकारको व्यवस्था गरेको छ । आवधिक रुपमा हुँदै आएका निर्वाचनहरूको राष्ट्रिय मानव अधिकार आयोगले निरन्तर अनुगमन



गर्दै आएको छ । संविधानको भाग २४ को धारा २४६ मा व्यवस्था भएअनुसार मिति २०७९ साल मसिर ४ गते भएको निर्वाचनबाट निर्वाचित संसद बर्तमान जेन्जी आन्दोलनको माग बमोजिम बिघटन भए पश्चात मिति २०८२ साल फाल्गुण २१ गते प्रतिनिधि सभाको निर्वाचन तोकिएको थियो । आयोगले विगतमा

सम्पन्न निर्वाचनहरुमा पनि मानव अधिकारको दृष्टिकोणबाट निर्वाचनको अनुगमन गर्दै आएको र मिति २०८२ साल फाल्गुण २१ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा पनि मानव अधिकारको दृष्टिकोणबाट निर्वाचनको अनुगमन गर्नका लागि एउटा टोली रोल्पा र प्यूठान जिल्लामा अनुगमन र अर्को टोली बाँके, बर्दिया र दाङमा खटाई बमोजिम अनुगमन टोलीले निर्वाचन पुर्वको अवस्था ,निर्वाचन को दिनको अवस्था र निर्वाचन पश्चातको अवस्था मानव अधिकाको दृष्टिकोणबाट अनुगमन गरी प्राप्त तथ्य प्रमाण, जानकारी समेतका आधारमा यो प्रतिवेदन तयार गरी आयोगको केन्द्रिय कार्यालयलाई बुझाएको थियो ।

**४.८.४ नागरीकता नपाएको कारणले बर्दियाकी अन्जु थारुले आत्महत्या गर्नुपरेको भनिएको विषयमा गरीएको आकश्मिक अनुगमन:**



बर्दिया बढैयाताल वडा नं ४ की अन्जु थारुले पतिबाट अपेक्षित भएको तथा वडा बाट नागरीकता सिफारिस तथा जिल्ला प्रशासन कार्यालय बर्दियाबाट नागरीकता नपाएको कारणले आत्महत्या गर्न बाध्य भएको तथा आफ्नी छोरीको मृत्युको शोकमा रहेका निजका पीता कान्छा थारुले पनि लगत्तै आत्म हत्या गरेको घटना मिडियामा आएपछी सो विषय मानव अधिकारको गम्भिर उल्लङ्घन हुन सक्ने ठानी सो प्रति आयोगको गम्भिर ध्यान आकर्षण भएको र आयोगको यस कार्यालयबाट कार्यालय प्रमुख नेतृत्वको एक टोलीले स्थलगत अनुगमन तथा सरोकारवालासँगको छलफल गरी प्राप्त तथ्यहरुका आधारमा यो प्रतिवेदन तयार गरीएको थियो।

**४.८.५ जिल्ला प्रहरी कार्यालय बाँकेको हिरासत र जिल्ला प्रशासन कार्यालय, बाँकेमा आयोगबाट गरीएको आकस्मिक अनुगमन :**

जिल्ला प्रशासन कार्यालय, बाँके अगाडि प्रहरी प्रशासनमा भएका विभिन्न अनियमित्तताका विषयको विरोध प्रदर्शन गरी रहेकी रुबी खाँलाई मिति २०८३।०१।१५ गते प्रहरीले नियन्त्रणमा लिएको थियो। पक्राउ परेकै दिनदेखि खाँले जिल्ला प्रहरी कार्यालयको महिला हिरासत कक्षमा अनसन सुरु गरेको सन्दर्भमा हिरासतमा रहेकी अनसनरतरुबी खाँको अवस्था बुझ्ने उद्देश्यले यस कार्यालयबाट विभिन्न मितिमा अनुगमन गरीएको थियो । सोही सन्दर्भमा उनको स्वास्थ्य अवस्था बुझ्ने उद्देश्यले यस कार्यालयबाट कार्यालय प्रमुख द्वारिका कुमारी

अधिकारीको नेतृत्वमा मानव अधिकार अधिकृत उपमा फुयाल सहितको टोलीले आकष्मिक रुपमा अनुगमन गरीएको थियो।

**४.८.६ बाँके, बर्दिया र दाङ जिल्लाको समग्र मानव अधिकार अवस्था अनुगमन :**




राष्ट्रिय मानव अधिकार आयोग, लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जका कार्यालय प्रमुख द्वारिका कुमारी अधिकारी, सहायक प्रथम विशाल खनाल, लेखापाल सुबास कुमार सहनी र सवारी चालक भरत गिरी सहितको ३ सदस्यीय अनुगमन टोलीले मानव अधिकार अवस्था अनुगमनको २०८०।३२।२०८ गते देखी 243।0 30।2 गते सम्म बाँके, बर्दिया र दाङ जिल्लामा आयोगको यस कार्यालयको वार्षिक नियमित कार्यक्रम तथा वार्षिक योजना वमोजिम यो अनुगमन गरीएको थियो । त्यस अनुगमनका क्रममा अनुगमन टोलीले सरकारी अधिकारी, निकाय तथा नागरीक समजसँग आवद्ध विभिन्न व्यक्तित्वहरुसँग भेटघाट गरी सूचना संकलन तथा जानकारी संकलन मार्फत मानव अधिकार अवस्था सम्बन्धी तथ्यहरु संकलन गरी यो प्रतिवेदन तयार पारिएको थियो । बाँके, वर्दिया र दाङ जिल्लामा भने हाल सुकुमवासी अव्यवस्थित बसोबासलाई नहटाईएको र /सूचना प्रवाह गर्दा अधिकाँश मानिस जस्को आफ्नै वासस्थान छ उनिहरु सो बस्ति छाडि गएको भनि जिल्ला प्रशासन कार्यालयले जानकारी गराएको थियो। त्यस प्रतिवेदन मार्फत उल्लेखित तिन जिल्लाको मानव अधिकार अवस्था झल्काउँदै आवश्यक सुधारको लागि सुझाव समेत पेश गरीएको छ।

**तालिका नं आ.व. २०८२/०८३ बाँके र बर्दिया जिल्लामा दर्ता भएका मुद्दा विवरण:**

| क्र.सं. | मुद्दाको शीर्षक | जिल्ला | | कैफियत |
|---|---|---|---|---|
| | | बर्दिया | बाँके | |
| १ | कर्तव्य ज्यान | ८ | १४ | |
| २ | ज्यान मार्ने उद्योग | १४ | ५२ | |
| ३ | ज्यान मार्ने उद्योग तथा अपराधिक लाभ | १ | ० | |
| ४ | भवितव्य ज्यान | ७६ | ६२ | |
| ५ | फुटकर ज्यान | २५ | ५१ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | ज्यान सम्वन्धि कसुर | २ | २४ | |
| ७ | सवारी ज्यान | ४८ | ५९ | |
| ८ | सवारी भवितव्य ज्यान | ७ | ९ | |
| ९ | पहिचान नखुलेको लाश | १ | ६ | |
| १० | झुण्डिएको अवस्थामा मृत्यु | १३६ | ११८ | |
| ११ | आत्महत्या दुरुत्साहन | ९ | ९ | |
| १२ | विषादी सेवन गरी मृत्यु | ११ | १७ | |
| १३ | सवारी अंगभंग | ३ | १२ | |
| १४ | सवारी गौवध | १ | ६ | |
| १५ | साधारण चोरी | ५० | १७ | |
| १६ | चोरी उद्योग | १ | ५ | |
| १७ | वैंकिङ कसुर | ४९ | ३३२ | |
| १८ | जुवा | ६ | ७ | |
| १९ | ठगी | २७ | १२२ | |
| २० | विधुतिय (इलेक्ट्रोनि) सम्वन्धि कसुर | १ | ५ | |
| २१ | लागु औषध | १७६ | २६२ | |
| २२ | नागरीकता सम्बन्धि कसुर | ४ | २ | |
| २३ | व्यक्ति वेपत्ता | १ | २ | |
| २४ | हातहतियार खरखजना सम्बन्धि कसुर | १ | ४ | |
| २५ | अपराधिक लाभ | २ | ९ | |
| २६ | सार्वजनिक शान्ति, स्वास्थ्य, सुरक्षा, सुविधा तथा नैतिकता विरुद्ध कसुर अभद्र / व्यवहार समेत | ५७ | ३७५ | |
| २७ | अपराधिक उपद्रव | २ | ४७ | |
| २८ | मानव वेचविखन ओसार पसार तथा | २ | १५ | |

| | | | | |
|---|---|---|---|---|
| | ज.ज.क. | | | |
| २९ | अपहरण तथा शरिर बन्धक | २ | ५ | |
| ३० | बहुविवाह | १४ | २३ | |
| ३१ | जवरजस्ती करणी समवन्धि कसुर | ३८ | ६२ | |
| ३२ | जवरजस्ती करणी उद्योग | ५ | ८ | |
| ३३ | बाल यौन दुरुपयोग | ५ | ४ | |
| ३४ | अश्लिल भिडियो बनाउन नहुने | १ | ० | |
| ३५ | कारागार ऐन सम्बन्धि कसुर | १ | १ | |
| ३६ | पञ्जीकरण ऐन | २ | ० | |
| ३७ | सहकारी ठगी | २ | ० | |
| ३८ | बोक्सी आरोप | १ | ० | |
| **जम्मा** | | ७९२ | १९०८ | |

स्रोतः जिल्ला प्रहरी कार्यालय बर्दिया र बाँके

माथिको तथ्याङ्क अनुसार बर्दिया र बाँके जिल्लामा गरी कुल **२,७०० वटा** मुद्दा तथा घटनाहरू दर्ता भएका छन्, जसमध्ये बर्दियामा **७९२** र बाँकेमा **१,९०८** मुद्दा रहेकाले बर्दियाको तुलनामा बाँके जिल्लामा अपराधको चाप उल्लेख्य रूपमा बढी देखिन्छ। समग्र स्थिति हेर्दा लागु औषध (बर्दिया १७६, बाँके २६२), सार्वजनिक शान्ति, स्वास्थ्य, सुरक्षा तथा अभद्र व्यवहार (बर्दिया ५७, बाँके ३७५), बैंकिङ कसुर (बर्दिया ४९, बाँके ३३२) र साधारण चोरी (बर्दिया ५०, बाँके १७९) का मुद्दाहरू बाँके जिल्लामा निकै उच्च रहेका छन् भने झुण्डिएको अवस्थामा मृत्यु (बर्दिया १३६, बाँके ११८) र भवितव्य ज्यान (बर्दिया ७६, बाँके ६२) जस्ता घटनाहरू बर्दिया जिल्लामा बढी देखिएका छन्। त्यसैगरी गम्भीर अपराधहरूतर्फ ठगी (बर्दिया २७, बाँके १२२), जबरजस्ती करणी (बर्दिया ३८, बाँके ६२), सवारी ज्यान (बर्दिया ४८, बाँके ५९), ज्यान मार्ने उद्योग (बर्दिया १४, बाँके ५२), अपराधिक उपद्रव (बर्दिया २, बाँके ४७), ज्यान सम्बन्धी कसुर (बर्दिया २, बाँके २४), बहुविवाह (बर्दिया १४, बाँके २३), र कर्तव्य ज्यान (बर्दिया ८, बाँके १४) जस्ता मुद्दाहरू दुवै जिल्लामा

अभिलेखबद्ध भएका छन्। यसका साथै विषादी सेवन गरी मृत्यु (बर्दिया ११, बाँके १७), मानव बेचबिखन तथा ओसारपसार (बर्दिया २, बाँके १५), सवारी अङ्गभङ्ग (बर्दिया ३, बाँके १२), सवारी भवितव्य ज्यान (बर्दिया ७, बाँके ९), आत्महत्या दुरुत्साहन (बर्दिया ९, बाँके ९), अपराधिक लाभ (बर्दिया २, बाँके ९), जबरजस्ती करणी उद्योग (बर्दिया ५, बाँके ८), जुवा (बर्दिया ६, बाँके ७), पहिचान नखुलेको लाश (बर्दिया १, बाँके ६), सवारी गौवध (बर्दिया १, बाँके ६), चोरी उद्योग (बर्दिया १, बाँके ५), विद्युतीय कसुर (बर्दिया १, बाँके ५), अपहरण तथा शरीर बन्धक (बर्दिया २, बाँके ५), बाल यौन दुरुपयोग (बर्दिया ५, बाँके ४), हातहतियार खरखजाना (बर्दिया १, बाँके ४), नागरीकता सम्बन्धी कसुर (बर्दिया ४, बाँके २), र व्यक्ति बेपत्ता (बर्दिया १, बाँके २) का घटनाहरू रहेका छन् भने कारागार ऐन सम्बन्धी कसुर दुवै जिल्लामा १-१ वटा दर्ता भएका छन्। उता पञ्जीकरण ऐन (२ वटा), सहकारी ठगी (२ वटा), ज्यान मार्ने उद्योग तथा अपराधिक लाभ (१ वटा), अश्लिल भिडियो बनाउन नहुने (१ वटा), र बोक्सी आरोप (१ वटा) का मुद्दाहरू बर्दियामा मात्र दर्ता भएका छन् भने बाँकेमा यी शीर्षकमा शून्य मुद्दा रहेका छन्।

# परिच्छेद - पाँच : मानव अधिकार अवस्था :

## ५.१ नागरीक तथा राजनैतिक अधिकारको अवस्था

नागरीक तथा राजनितिक अधिकार भित्र बाँच्न पाउने अधिकार सबैभन्दा महत्वपूर्ण अधिकारको रुपमा लिईन्छ मर्यादित एवम् सम्मानित रुपमा जीवनयापन गर्न पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकारको हो । बाँच्न पाउने अधिकारको सुनिश्चितता भएको खण्डमा मात्र नागरीकहरुलाई अन्य अधिकारहरुको आवश्यकता पर्दछ त्यसैले, स्वास बिनाको अधिकारको कुनै अर्थ नरहने हुदा नागरीक अधिकारको पहिलो सर्त अनिवार्य जीवन हो । संयुक्त राष्ट्रसंघबाट सन १९४८ मा घोषणा भएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ३, नागरीक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६ को धारा ६ मा प्रत्येक व्यक्तिलाई जीवनको अधिकारको प्रत्याभूति गरीएको छ भने स्वेच्छाचारी ढङ्गले कसैको पनि जीवन हरण गर्न नपाइने भन्ने उल्लेख गरीएको छ ।त्यस्तै, नेपालको संविधानको धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई मौलिक हकको रुपमा स्वीकार गर्दै मृत्यु दण्डलाई पूर्णतः निषेध गरेको छ। नेपालले सन् १९९१ मा नागरीक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा हस्ताक्षर गरी अन्तर्राष्ट्रिय समुदायसमक्ष आफ्नो प्रतिबद्धता प्रकट गरेको छ।नागरीक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६ को ऐच्छिक आलेखहरू र नेपालको संविधान तथा प्रचलित कानुनमा व्यवस्था अनुसार बाँच्न पाउने अधिकार, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार, गोपनीयताको अधिकार, प्रेस स्वतन्त्रताको अधिकार, धार्मिक स्वतन्त्रताको अधिकार, सङ्गठित हुन र भेला हुन पाउने अधिकार, स्वच्छ सुनुवाइको अधिकार, कैदीबन्दीका अधिकार, न्याय पाउने अधिकार, मतदान गर्न तथा निर्वाचनमा सहभागी हुन पाउने अधिकार लगायतका अधिकारहरू नागरीक तथा राजनीतिक अधिकारका विषयहरू भएपनि बदलिदो परिस्थितिमा लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङबाट प्राप्त तथ्यांकलाई हेर्दा आ.व.२०८२/०८३ मा नेपालगञ्ज कार्यालयको कार्यक्षेत्रमा रहेका बाँके, बर्दिया, दाङ, रुकुम पुर्व, रोल्पा र प्यूठान समेतका छ जिल्ला मध्ये बाँके र बर्दियामा कर्तव्य ज्यान २२ जना ,ज्यान मार्ने

उधोग ६६ जना, झुण्डी आत्म हत्या २५४ जना, बिष सेवन गरी आत्महत्या २८ जना समेत बाट जम्मा ३६१ जना नागरीकको मृत्यु भएको पाइएकोले नागरीकको सम्मानपूर्वक बाँच्न पाउँने अधिकारको संरक्षित हुन नसकेको तथा मानव अधिकार निर्वाध उपभोग गर्न पाएको देखिदैन ।त्यस्तै, आयोगको कार्यालयमा हाल विचाराधीन अवस्थामा रहेका नागरीक तथा राजनितिक अधिकार सम्बन्धि ८७ वटा उजुरीहरुको अनुसन्धानको गर्न अझै बाँकी रहेको हुदा समग्र मानव अधिकारको विश्लेषणबाट सम्मानजनक रुपमा बाँच्न पाउँने नागरीकको अधिकारको संरक्षण तथा सम्वर्द्धन हुन सकेको देखिदैन। यसरी लुम्बिनी प्रदेशका बाँके, बर्दिया, दाङ्ग, प्यूठान, रोल्पा र रुकुम पुर्व लगायतका जिल्लामा कर्तव्य ज्यान र ज्यानमार्ने उद्योगका घटनाको डरलाग्दो अवस्था रहेको, आत्महत्याका विभिन्न स्वरुपका घटना बढिनै रहेको देखिएको हुँदा आयोगको यस नेपालगञ्ज कार्यालयको क्षेत्राधिकारका जिल्लामा नागरीक तथा राजनितिक अधिकारको अवस्था सन्तोषजनक रहेको भन्न सकिने अवस्था देखिदैन ।

**५.२ अभिव्यक्ति स्वतन्त्रताको अधिकार र मताधिकार:**

विचार तथा अभिव्यक्ति स्वतन्त्रता र बालिग मताधिकारलाई लोकतान्त्रिक बिधिको आधारको रुपमा लिने गरीन्छ । मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ ले प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रूपमा चुनिएका प्रतिनिधिमार्फत सरकारमा सहभागी हुन पाउने अधिकारको व्यवस्था गरेको छ । त्यस्तै, नागरीक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २०६६ को धारा १९ मा अभिव्यक्ति स्वतन्त्रताको अधिकारको व्यवस्था गरेको , नेपालको संविधानको धारा १७ को (२) ले सबै नागरीकलाई समान रूपमा उपभोग गर्न सक्ने छ वटा आधारभूत स्वतन्त्रताको अधिकारको व्यवस्था गरेको छ। विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, सङघ,संस्था खोल्ने स्वतन्त्रता,नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता र कुनै पेशा,व्यवसाय गर्ने स्वतन्त्रता रहेका छन्। अभिव्यक्ति स्वतन्त्रताको प्रमुख सूचक मानिने बालिग मताधिकार तथा

आवधिक निर्वाचनबाट नै लोकतन्त्रको संस्थागत विकास भएको हुन्छ। आवधिक निर्वाचन बिना लोकतन्त्र र मानव अधिकारको परिकल्पना गर्न सकिदैन। नागरीक तथा राजनीतिक अधिकारअन्तर्गत कानुनबमोजिम मतदान गर्न पाउने, स्वच्छ, स्वतन्त्र, भयरहित, विश्वसनीय र स्वीकार्य आवधिक निर्वाचन समान मताधिकार, निष्पक्ष र पारदर्शी मतगणना तथा निर्वाचन परिणाम लगायतका विषयहरू निर्वाचनको विश्वव्यापी मान्यताभित्र पर्ने भएपनि प्रतिनिधि सभा सदस्य निर्वाचन यस आर्थिक वर्ष २०८२/०८३ मा मिति २०८२/११/२१ गते प्रतिनिधि सभा सदस्य निर्वाचन स्वच्छ, भयरहित वातावरणमा भने नेपाली नागरीकहरुले आफ्नो मताधिकारको प्रयोग गरेका थिए । साथै, यस आ.व.मा बाँके, बर्दिया, दाङ, रोल्पा, प्यूठान र रुकुम पुर्व समेतका छ वटा जिल्लामा राजनीतिक दलहरू र दलसँग आवद्ध सङ्गठनहरूले समय समयमा सभा सम्मेलन, ऱ्याली लगायतका कार्यक्रम गरेको आयोगको अनुगमनबाट देखिएको छ । नागरीकस्तरबाट समेत समय समयमा विभिन्न विषय र मागहरू राखी जुलुस र ऱ्यालीमार्फत विचार तथा अभिव्यक्ति स्वतन्त्रताको उपयोग गरेको पाईएको थियो। सामाजिक सञ्जाल मार्फत पनि आफ्ना धारणा राख्ने अवस्था भएको भएपनि बन्देज का गतिविधि खासै भएको पाईए। यद्यपी राजावादीको आन्दोलनमा सहभागि केही व्यक्तिहरुको राजनैतिक संलग्नताका आधारमा पक्राउ गरी छाडिएको, त्यस्तै, सहकारी पीडितहरुले न्यायका लागि आवाज उठाउदा सार्वजिनक मुद्धा खेप्नु परेको अवस्था भने रहेको थियो ।

**५.३ कैदीबन्दी,थुनुवा र बालबिज्याईकर्ताको अधिकारको अवस्था :**

यस आ.व.मा २०८२०८/३ मा आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जको कार्यक्षेत्रका जिल्लाहरुमा रहेका कारागार, बालसुधारगृहमा भएको आयोगको अनुगमन तथा लुम्बिनी प्रदेश प्रहरी कार्यालयको प्राप्त तथ्यांङ्क समेतका आधारमा रोल्पा जिल्ला कारागारमा १०६ जना पुरुष र ७ जना महिला गरी ११३ जना, प्यूठान कारागारमा ७३ जना पुरुष र २ जना महिला गरी कुल ७५ जना , कारागार कार्यालय तुल्सीपुर, दाङमा पुरुष ३३२ जना र महिला ४५ जना समेत गरी ३७७ जना, कारागार कार्यालय

घोराही दाङमा २६७ जना पुरुष, कारागार कार्यालय नेपालगञ्ज बाँकेमा ४२९ जना पुरुष, क्षेत्रीय कारागार कार्यालय नौबस्ता बाँकेमा पुरुष ६३९ जना र बर्दिया कारागार कार्यालयमा २८४ पुरुष र ३३ महिला समेत ३१७ जना गरी जम्मा २१३० जना पुरुष र ८७ जना महिला कैदीबन्दी कारागारमा रहेको देखिन्छ भने रोल्पा जिल्ला कारागारमा १२ जना पुरुष, प्यूठान कारागारमा ३४ पुरुष र २ जना महिला समेत ३६ जना, कारगार कार्यालय तुल्सीपुर, दाङमा १२ पुरुष र १६ जना महिला समेत गरी २८ जना, कारागार कार्यालय घोराही दाङमा १७० जना पुरुष, कारागार कार्यालय नेपालगञ्ज बाँकेमा ४४३ जना पुरुष, क्षेत्रीय कारागार कार्यालय नौबस्ता बाँकेमा ३१ जना पुरुष र बर्दिया कारागार कार्यालयमा १०८ पुरुष र ३४ जना महिला समेत गरी यस कार्यालयको कार्यक्षेत्रमा पर्ने छ जिल्ला मध्ये रुकुम पुर्व बाहेकका जिल्लामा रहेका कारगारमा जम्मा ८१० जना पुरुष र ५२ जना महिला गरी ८६२ जना थुनुवा कारागारमा रहेको कारागार व्यवस्था बिभागको असार मसान्त सम्मको विवरण रहेको छ । लिङ्गका आधारमा पुरुष २९४० जना र महिला १३९ जना समेत गरी ३०७९ जना, ६५ वर्ष माथिका ७२ जना कैदी र १४ जना थुनुवा , आश्रित ८ जना र बिदेशी १३२ जना कैदी बन्दी र थुनवा कारागारमा रहेको पाईएको छ। त्यस्तै, जयेन्डु बालसुधार गृह बाँकेमा ८८ जना बालबन्दी र ८७ जना बालथुनुवा समेत गरी १७५ जना , क्षेत्रीय बालसुधार गृह नौबस्तामा १३४ जना बालबन्दी र ४ जना थुनुवा समेत १३८ जना रहेको पाईएको छ । अतः लुम्बिनी प्रदेशका छ वटा जिल्ला अन्तर्गत बाँकेमा रहेका नौबस्ता र जयेन्डु बालसुधार गृहमा जम्मा २२२ जना बालबन्दी र ९१ जना बाल थुनुवा समेत गरी जम्मा ३१३ जना रहेको देखिन्छ ।तसर्थ, कारागार व्यवस्था बिभागबाट प्राप्त तथ्यांक र आयोगको अनुगमन समेतबाट सबै हिरासत कक्षकारागार र सुधारगृहमा , क्षमता भन्दा अत्याधिक बढि कैदीबन्दीथुनुवा र बाल,बिज्याईकर्ता राखिएको पाईएकोले बसाई समस्या मात्र नभई विभिन्न किसिमका स्वास्थ्य समस्या भोग्दै आउने गरेको, लागुऔषध र कर्तव्यज्यान मुद्धामा संलग्न धेरै कैदी बन्दी थुनुवा र बालबिज्याईकर्ता,कारागार,हिरासत कक्ष र बालसुधारगृहमा रहेको पाईएको ,बर्दिया कारागारमा सुरक्षाका लागि घेरवार पर्खाल नरहेको हुनाले सुरक्षा चुनौती रहेको छ । कारागार र बालसुधार गृहमा हुने

आन्तरिक प्रशासनका लागि कानुनमा ब्यबस्था भएअनुसार गठित गरीएका नाईकेसहनाईकेहरुबाट समय , समयमा यातना दिने, दुर्व्यवहार गर्ने,कुटपीट गर्ने र समुह निर्माण गरी आपसमा झडपको अवस्था निम्त्याउने, नाईके र सहनाईकेहरुको अगाडी अन्य कैदीबन्दी र बालबन्दीहरुले सहज कुरा राख्न सक्ने बाताबरण नरहेकोले कारागार भित्र पनि शान्तिपुर्ण बाताबरण निमार्णमा चुनौती थपिएको । बालसुधार गृहमा १८ वर्ष मुनीकालाई मात्र राख्ने कानुनी व्यवस्था रहेको छ तर सुधारगृहमा राख्दा बाल बिज्याईकर्ताहरु १८ वर्षमुनि भएपनि बालसुधार गृहमा बस्दै गर्दा हाल १८ वर्ष देखि माथि ३० वर्षसम्मका बिज्याईकर्ता रहेको पाईएकोले उनिहरुलाई के गर्ने, कहाँ राख्ने स्पस्ट कानूनी ब्यवस्था नहुदा सुधारगृहमा नै राखु पर्ने बाध्यता रहेको, बिगतको अवस्था भन्दा हाल केही सुधार भएपनि स्वास्थ्य समस्या आएमा कैदीबन्दीहरुलाई उपचार गर्न समस्या आउने गरेको, मनोसामाजिक परामर्श सेवा प्रदान नभएको , शिपमुलक कार्यक्रम सञ्चालन गर्न नसकेको लगायतको अवस्था कारागर , बालसुधार गृह र हिरासत कक्षमा रहेको छ । आ.व.२०८२/०८३मा कारागार र सुधार गृहमा रहेका कैदीबन्दी र थुनुवाको विवरण यस प्रकारले तलको तालिकामा देखाईएको छ ।

**तालिका - ३ : आ.व.२०८२/०८३ यस कार्यालयको कार्यक्षेत्रम कारागारमा रहेका कैदबन्दीहरुको विवरण**

| क्रस. | कारागार रहेको स्थान | कैदी | | कैदी जम्मा | थुनुवा | | थुनुवा जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | पुरुष | महिला | |
| १ | रोल्पा | १०६ | ७ | ११३ | १२ | ० | १२ |
| २ | प्युठान | ७३ | २ | ७५ | ३४ | २ | ३६ |
| ३ | तुलसीपुर दाङ | ३३२ | ४५ | ३७७ | १२ | १६ | २८ |
| ४ | घोराही दाङ | २६७ | ० | २६७ | १७० | ० | १७० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | नेपालगञ्ज बाँके | ४२९ | ० | ४२९ | ४४३ | ० | ४४३ |
| ६ | नौवस्ता बाँके | ६३९ | ० | ६३९ | ३१ | ० | ३१ |
| ७ | बर्दिया | २८४ | ३३ | ३१७ | १०८ | ३४ | १४२ |
| **जम्मा** | | **२१३०** | **८७** | **२२१७** | **८१०** | **५२** | **८६२** |
| | | | | | | | |
| **लिङ्ग अनुसार** | | **६५वर्ष माथि** | | **आश्रित** | **विदेशी** | | |
| **पुरुष** | **महिला** | **कैदी** | **थुनुवा** | | | **संख्या** | **राष्ट्रियता** |
| ११८ | ७ | ५ | १ | ० | | ० | सबै भारतीय |
| १०७ | ४ | ६ | २ | ० | | ० | |
| ३४४ | ६१ | १५ | १ | ५ | | ६ | |
| ४३७ | ० | १ | ४ | ० | | ३ | |
| ८७२ | ० | ८ | ३ | ० | | ७० | |
| ६७० | ० | २७ | २ | ० | | ३१ | |
| ३९२ | ६७ | १० | १ | ३ | | २२ | |
| **२९४०** | **१३९** | **७२** | **१४** | **८** | | **१३२** | |

**तालिका -४ : बालसुधार गृहमा रहेका बालबिज्याईकर्ताहरुको विवरण**

| क्रस. | कारागार रहेको स्थान | कैदी | | कैदी | थुनुवा | | थुनुवा | कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | कैदीबन्दी |
| १ | बालसुधार गृह, जयेन्डु, बाँके | ८८ | ० | ८८ | ८७ | ० | ८७ | १७५ |
| २ | बालसुधार गृह, नौवस्ता बाँके | १३४ | ० | १३४ | ४ | ० | ४ | १३८ |
| जम्मा | | २२२ | ० | २२२ | ९१ | ० | ९१ | ३१३ |

**५.४ संक्रमणकालिन न्यायको अधिकार अवस्थाः**

तत्कालिन माओवादी पार्टीले शुरु गरेको १० वर्षे जनयुद्धको समयमा राज्य पक्ष तथा माओवादी पक्षबाट सबैभन्दा बढी प्रभावित जिल्लाहरुका रुपमा बाँकेरोल्पा जस्ता जिल्लाहरु ,दाङ ,बर्दिया , आयोगको यस कार्यालयको क्षेत्राधिकार अन्तर्गत पर्ने जिल्ला हुन । आयोगको यस लुम्बिनी प्रदेश शाखा कार्यालयको क्षेत्राधिकार भित्रका जिल्लाहरुमा गरेको स्थलगत अनुगमन,अनुसन्धान, नागरीक तथा पीडितहरुसँग गरेको छलफल समेतका आधारमा हेर्दा शान्ति सम्झौता भएको लामो समयसम्म पनि पीडितहरुको न्याय पाउन नसकेको हुदा न्याय पाउने, बेपत्ता भएका व्यक्तिहरुको अवस्था सार्वजनिक गर्ने र गम्भिर मानव अधिकार हनन् का मुद्धाहरुमा संलग्न पहिचान गरी कारवाही गर्ने लगायतका पीडितका आशा हराउँदै गुनासो आउने गरेको पाईएको छ । सत्य निरुपण तथा मेलमिलाप आयोगमा आयोगको दर्ता हुन आएका ६३,७१८ उजुरीहरुमा यस कार्यालयको क्षेत्राधिकार अन्तर्गतका जिल्लाबाट जम्मा ८ उजुरी पर्न आएको र वेपत्ता ६३३,तथा छानविन आयोगमा भण्डै १३८२ भन्दा बढी उजुरीहरु द्रता भएकोमा ६२४ वटा उजुरी यस कार्यालय अन्तर्गतका जिल्लाबाट पर्न आएका उजुरीहरु रहेका छन । यस अघि बनेको आयोगले पनि संक्रमणकालिन न्याय सम्बन्धी कार्य सफलता पुरवक गर्न सकेन ।

बिधमान सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता आयोग ऐन २०७१ मा केही संसोधन गरी सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता आयोग ऐन २०७१( तेस्रो संसोधन) २०८१ निर्माण गरी कार्यान्वयन गर्ने क्रममा पुन दुई आयोग सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता तथा छानवीन आयोग गठन भएका छन । हाल बनेका संक्रमणकालिन न्यायसँग सम्बन्धित दुई आयोग प्रति पनि पीडितको मिश्रित धारणा रहेको पाईएको र न्याय प्राप्त हुनेमा त्यति विस्वस्थ नभएको पीडितको भिन गुनासो देखिएको छ । क्षतिपुर्ति सहितको न्यायको सिघ्र पहल गरीनुपर्ने पीडितको माग रहेको छ।

## ५.५ आर्थिक , सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था

### ५.५.१ शिक्षा अधिकारको अवस्था :

शिक्षाको अधिकारले व्यक्तिको गुणस्तरीय शिक्षालाई सुनिश्चित गर्दछ। यसले जात, लिङ्ग, भाषा, धर्म या आर्थिक असमानताबाट शिक्षा विभेद नगरीएको, निःशुल्क र अनिवार्य प्रारम्भिक शिक्षा, माध्यमिक तथा उच्च शिक्षामा पहुँच, गुणस्तरीय शिक्षा, मातृभाषामा प्रारम्भिक शिक्षाको अधिकार, र सांस्कृतिक विविधता अनुसारको पाठ्यक्रमको व्यवस्था समावेशको सुनिश्चितता गरेको छ । साथै, छात्रवृत्ति, पोषण, पोशाक र शैक्षिक सामग्रीको निःशुल्क व्यवस्था, जीवन उपयोगी सीप र प्राविधिक शिक्षालाई जोड दिइएको छ। नेपालको संविधानको धारा ३१ मा शिक्षाको हक, धारा ५१ )ज) नागरीकको आधआरभूत आवश्यकता सम्वन्धी नीतिमा पनि अवलम्बन गरेको छ। त्यस्तै नेपाल पक्ष राष्ट्र बनेका सन्धि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा १३ र १४ मा पनि शिक्षाको अधिकारलाई व्यवस्था गरेको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनमा भएको व्यवस्था बमोजिम शिक्षाको अधिकारलाई सुनिश्चित गराउनका लागि नेपाल सरकारको संघीय, प्रादेशिक तथा स्थानीय सरकारले नीति, कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गरीरहेका छन । यसरी विभिन्न सरकारबाट भएका शिक्षा सम्बन्धि पहलको अवस्था हेर्दा लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण २०८२/०८३ को बिषयमा लुम्बिनी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले गरेको सर्वेक्षणमा

उल्लेख भएअनुसार शैक्षिक सत्र २०८२ मा देशभर भर्ना भएका ७० लाख ४1 हजार विद्यार्थीमध्ये लुम्बिनी प्रदेशमा छात्रा ५ लाख ९० हजार छात्रा (४८.८ प्रतिशत) र ६ लाख ४६ हजार छात्र ( ५२.२ प्रतिशत) गरी जम्मा १२ लाख ३६ हजार (१७.५६ प्रतिशत) विद्यार्थी भर्ना भएका छन । लुम्बिनी प्रदेशको खुद भर्नादर (१-५) सम्मको ९६.८ प्रतिशत रहेको छ। त्यसैगरी लुम्बिनी प्रदेशको खुद भर्नादर (कक्षा ११-१२ को) १७.४ प्रतिशत रहेको छ। शैक्षिक सत्र २०८२ सम्म लुम्बिनी प्रदेशमा सामुदायिक ४,४३८ र संस्थागत १,३४८ विद्यालय समेत गरी कुल ५,७८६ विद्यालय रहेकोमा देशको कुल बिधालयहरुको १६.०९ प्रतिशत रहेको छ । उक्त बिधालय मध्ये ४,४३८ सामुदायिक विद्यालयहरूमा मात्र १४१४२ (४५.१ प्रतिशत) स्थायी, ११३७५ (१७.४ प्रतिशत) अस्थायी, ५८३२ (३६.३ प्रतिशत) राहतसमेत गरी कुल ३१३४९ (१७.४ प्रतिशत) शिक्षकहरु कार्यरत रहेका छन । सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या निरन्तर घट्दा विद्यालयहरूको पुनः नक्साङ्कन गरी समायोजन तथा गाभ्नुपर्ने अवस्था रहेको देखिन्छ । त्यस्तै, आर्थिक मामिला तथा योजना मन्त्रालयको सर्वेक्षण २०८२/०८३अनुसार २०८२ को माध्यमिक शिक्षा परिक्षा कक्षा १० (SEE) को परिक्षामा लुम्बिनी प्रदेशबाट ७२१४९ जना सहभागी भएको मा जिपिए ३.६०-४.०० ग्रेड भित्रमा ६४३६ जना,जिपिए ३.२० देखि ३.६० ग्रेड ल्याउने ११८९९ जना, जिपिए २.८० देखि ३.२० ग्रेड ल्याउने ग्रेड ल्याउने १४९८५ जना, जिपिए २.४० देखि २.८० ग्रेड १००१२ जना, जिपिए २.०० देखि २.४० ग्रेड ९९४ जना, जिपिए १.६० देखि २.०० ग्रेड ० जना र एन.जी २७८९३ जना समेत गरी ६१.३४ जनाले ग्रेडिङ्ग प्राप्त गरेका थिए । आयोगको नेपालगञ्ज कार्यालयको क्षेत्राधिकारमा पर्ने बाँके ,बर्दिया, दाङ, प्यूठान, रोल्पा र रुकुम पुर्व लगायतका कार्यक्षेत्र भित्रका जिल्लाहरुको मात्र साक्षरता दर (५ वर्ष भन्दा माथि) हेर्दा सबैभन्दा कम साक्षरता भएको जिल्ला रुकुम पुर्व र दोस्रोमा बाँके र तेस्रोमा बर्दिया रहेको छ भने सबै भन्दा बढी साक्षर जिल्लाहरुमा पहिलो दाङ, दोस्रो प्यूठान, तेस्रो रोल्पा रहेको छ जुन तलको तालिकामा देखाईएको छ ।

| जिल्ला | साक्षरता दर (५ वर्ष भन्दा माथि) | | |
|---|---|---|---|
| | पुरुष | महिला | **जम्मा प्रतिशत** |
| दाङ | ८९.९ | ७५.७ | **८१.४** |
| प्यूठान | ८७.९ | ७४.० | **८०.१** |
| रोल्पा | ८४.० | ६८.४ | **७५.६** |
| बर्दिया | ८२.९ | ७१.५ | **७६.९** |
| बाँके | ७९.६ | ६७.५ | **७३.४** |
| रुकुम पुर्व | ७९.७ | ६३.७ | **७१.४** |

-स्रोत: राष्ट्रिय जनगणना २०७८

राष्ट्रिय जनगणना २०७८ अनुसार लुम्बिनी प्रदेशको सबैभन्दा कम साक्षरता भएका तीन स्थानीय तहहरु मध्ये पहिलोमा नरैनापुर गाउँपालिका बाँके पुरुष ५४.८३ प्रतिशत र महिला ४०.९४ प्रतिशत गरी औषत कुल ४७.८९ प्रतिशत , दोस्रो डुडुवा गाउँपालिका बाँके पुरुष ६३.३३ र महिला ४७.३० समेतको गरी कुल ५५.३९ प्रतिशत रहेकोमा दुबै स्थानीय तह बाँके जिल्लामा रहेका छन ।

यसरी माथि उल्लेखित तथ्यांकलाई विश्लेषण÷ गर्दा २०८२ को माध्यमिक शिक्षा परिक्षा कक्षा १० (SEE) को परिक्षामा लुम्बिनी प्रदेशबाट ४ लाख ३० हजार जना सहभागी भएकोमा ६१.३४ प्रतिशत विद्यार्थी ग्रेडिङ्ग भएका देखाएको हुदा शिक्षाको गुणस्तर अवस्था अहिलेपनि सुधारात्मक अवस्थामा रहेको छ भन्न सकिदैन । २०६५ वटा बिधालयमा १०० जना भन्दा कम बिधार्थी रहेको मन्त्रालयको सर्वेक्षणले देखाएको हुदा सामुदायिक बिधालयमा बिधार्थी संख्या घट्दो अवस्था रहेको, सामुदायिक बिधालयका बहुसंख्यक शिक्षकहरु अस्थायी र करार सेवामा रही शिक्षण पेशामा रहेकोले रोजगारीको सुनिश्चितता भएको देखिदैन। बिधालयमा हुने राजनीतिकरण,शिक्षक दरबन्दी अभाव, भौतिक पुर्वाधारको कमी, खाजा कार्यक्रमको गुणस्तर, सामुदायिक बिधालय प्रति अभिभावकको जबाफदेहिताको अभाव, समय समयमा हुने शिक्षक आन्दोलनसमेतले विद्यार्थी भर्ना र गुणस्तर शिक्षा पाउन कठिनाई रहेको छ ।शिक्षक आन्दोलनले बिधार्थीहरुलाई प्रत्यक्ष प्रभाव

परेको देखिएको,१२ कक्षाको परिक्षा तयारीमा रहेका विद्यार्थीलाई शिक्षक आन्दोलनका कारण मानसिक तनावको अवस्था श्रृजना भएको देखिएको।संविधानले निःशुल्क शिक्षा प्रदान गर्ने भनिएपनि सामुदायिक विद्यालयमा विभिन्न वाहानामा रकम लिने गरेको, शिक्षक हडताल चलिरहँदा निजी विद्यालयमा भने उत्साहजन भर्ना भई भर्नाका लागि चर्को शुल्क तिर्न बाध्य भएको पाईएको हुदा सो को, प्रभावकारी अनुगमन हुन सकेको अवस्था देखिदैन ।

**५.५.२ स्वास्थ्य र खानेपानि अधिकारको अवस्था:**

अधिकांश स्वस्थ्य चौकीहरुमा दरबन्दी अनुसारका कर्मचारीको अभाव रहेको तथा राज्यले निशुल्क उपलब्ध गराउने भनिएका औषधीहरुको अभाव रहेको पाईयो । पालिका अस्पतालहरुको भवन निर्माण भएको भएतापनी पुर्ण क्षमतामा संचालन नभएको पाईयो । स्वास्थ्य विमाका विषयमा पनि सहजै उपचार नपाएको तथा औषधीहरु निशुल्क नपाएको गुनासो नागरीकको रहेको पाईयो । सरकारी अस्पतालमा अपरेशन गर्ने पालो पाउन निकै मुश्किल हुने गरेको गुनासो समेत नागरीकबाट रहेको पाईयो । खानेपानीमा अधिकांश जिल्ला तथा पालिकामा पहुँच पुगेको भएतापनि पहाडी जिल्लाका केही स्थानमा खानेपानीको पहुँचमा समस्या रहेको पाईयो ।

**५.६ महिला , बालबालिका तथा जेष्ठ नागरीकको अधिकारको अवस्था :**

**५.६.१ महिला अधिकारको अवस्था:**

महिलाको समानता, स्वतन्त्रता, सुरक्षा, र सम्मानपूर्वक जीवनयापनका लागि आवश्यक सबै अधिकारहरूको समष्टि रुप नै महिला अधिकार हो भन्ने अवधारणा विकास भएको हो । महिलाहरूको समग्र व्यक्तित्व विकासका लागि आवश्यक अधिकारहरू नै महिला अधिकार हुन भनि बुझ्न सकिन्छ। व्यक्तित्व विकासका लागि स्वतन्त्रता, शिक्षा, स्वास्थ्य, रोजगार, सम्पत्ति, न्यायमा समान अवसर र समानताको अधिकार आवश्यक हुनेभएकोले यस्ता पक्षहरूलाई समावेश गर्दै लिङ्ग, जात, वर्ग, धर्म, भाषा आदीको भेदभाव नगरी महिला र पुरुषलाई समान हक र अवसर दिनुपर्ने, सहभागीता र प्रतिनिधित्व गराउने कुरालाई महिला अधिकारको विषय मानिएको छ। महिला अधिकारको विशेष संरक्षणको मुद्दालाई संयुक्त राष्ट्र संघको मानव अधिकारको घोषणापत्र, १९४८ को धारा ११(२) मा उल्लेखित समानताको सिद्धान्तको विस्तारको रूपमा महिला विरुद्धका सबै

प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९ को अवधारणा विकास भएको हो।समाजमा समानता र सम्मानका साथ जीवनयापन गर्नको लागि नागरीक, राजनैतिक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रहरूमा कानूनी व्यवस्था लगायतका उपयुक्त उपायहरू अवलम्बन गरी सहज वातावरण सिर्जना गर्नु नै यसको उद्देश्य हो । तसर्थ, महिलाको प्रतिनिधित्वको हक, सम्पत्तिको हक, पारिवारिक हक, प्रजनन स्वास्थ्यको हक, शिक्षाको हक, रोजगारको हक लगायतमा समान अवसर सुनिश्चित गर्नुपर्ने कुरा यस महासन्धिले ब्यवस्था गरेको छ । यस कार्यालयको कार्यक्षेत्रका जिल्लामा कानुनमा व्यवस्था भए अनुसार महिला र पुरुषलाई समान रुपले शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीतिक सहभागिता, सम्पत्तिमा अधिकार तथा हिंसाबाट संरक्षण पाउने अधिकार समावेश भएपनि व्यवहारमा महिलाले अझै पूर्ण अधिकारको उपभोग गर्न पाएका छैनन्। मानव वेचविखन तथा ओसार-पसार सम्बन्धिबाँके र बर्दिया जिल्लामा १७ वटा उजुरी दर्ता भएको देखिन्छ। बाँके जिल्लामा मात्र १५ वटा उजुरी दर्ता भएको देखिन्छ ।जिल्ला प्रहरीले दिएको तथ्यांकलका आधारमा हेर्दा बाँके र बर्दियामा बहु विवाहका ३७ वटा उजुरी परेकोमा सबैभन्दा धेरै बाँकेमै १४ वटा रहेको देखिन्छ ।जबरजस्ती करणीका १०० वटा उजुरी परेकोमा सबैभन्दा धेरै बाँकेमा ६२ र बर्दियामा ३८ वटा छ । त्यस्तै जबरजस्ति करणी उद्योगमा १३ वटा उजुरी दर्ता भएको देखिन्छ।बालयौन दुरुपयोग का उजुरी ९ वटा रहेका छन । तसर्थ, यसरी प्राप्त तथ्यांकलाई हेर्दा यस कार्यालयको कार्यक्षेत्रका जिल्लामा महिला अधिकारको अवस्था सन्तोषजनक रहेको देखिदैन । धेरैजसो उजुरीहरु राजनितिक दवावमा लेनदेन मानै टुङगिने गरेको गुनासो व्यापक आउने गरेको देखिन्छ ।

**५.६.२ बाल अधिकार अवस्था:**

बाल बालिकाका वाल बचावट, बाल संरक्षण, बाल सहभागिता तथा बाल न्यायसँग सम्बन्धित अधिकारनै बाल अधिकार हो । बाल अधिकारको सम्बन्धमा संघ प्रदेश ,र स्थानिय तहबाट विभिन्न नीतिगत,संरचनागत व्यवस्थाहरु भएको भएतापनि ति व्यवस्थाहरुका वावजुत अझै बाल अधिकारको अवस्था अपेक्षाकृत रुपमा सुधार

हुन सकेको देखिँदैन । आयोगको यस कार्यालय अन्तर्गतका जिल्लाहरुमा बाल अधिकारको अवस्थाका बिषयमा हेर्दा जिल्ला प्रहरी कार्यालय बाँके र बर्दियाबाट उपलब्ध तथ्यांक अनुसार आ२०८ .व.३०८/३ मा बाल विवाहका बाँके १ वटा उजुरी यस कार्यालयको क्षेत्राधिकार भित्रका जिल्लामा दर्ता भएका छन भने बाल यौन दुरुपयोगका बाँके र बर्दियामा जम्मा ९ वटा उजुरी दर्ता भएको देखिन्छ । अझै पनि भारत सँगको सिमा नजिक रहेको हुदा मानव बेचबिखनका घटनाहरु समयम समयमा आउने गरेको, ग्रामिण क्षेत्रका बालबालिका बिद्यालय शिक्षाबाट बञ्चित रहेको आयोगको अनुगमन पाईयो ।रोल्पा जिल्लाको ग्रामिण भेगका केही बालबालिका गोठ जाने प्रचलनले लामो समय विद्यालयमा अनुपस्थित हुने गरेको पाईयो । केही अनौपचारिक त धेरै जसो अनौपचारिक क्षेत्रका व्यावसाय तथा उद्योगमा बाल श्रमिकको प्रयोग कायमै रहेको पाईयो । अपाङ्गता भएका बालवालिकालाई सहज शिक्षामा पहुँच तथा अनाथ बालबालिकाको हेरचाहमा राज्य र निकायहरु चुकेको देखिन्छ । यस्ता तथ्याङ्कका आधारमा हेर्दा यस क्षेत्रमा बाल अधिकारको अवस्थामा अझै अपेक्षित रुपले सुधार आउन सकेको देखिँदैन ।

**५.६.३ जेष्ठ नागरीकको अवस्था:**

जेष्ठ नागरीकको अधिकारको विषयमा संवैधानिककानुनी तथा संरचनात्मक व्यवस्थाका वावजुत निजहरुको , अधिकारकोअवस्था सन्तोषजनक रहेको देखिँदैन। राज्यले जेष्ठ नागरीक सामाजिक सुरक्षा भत्ता तथा विभिन्न किसिमका उपचार सुविधा तथा अन्य सहुलियतको व्यवस्था गरेकोले पहिलेको तुलनामा निजहरुको अवस्थामा केही सुधार भएको देखिएको भएतापनि समग्रमा निजहरुको अधिकारको अवस्था कमजोर नै रहेको देखिन्छ ।राज्यबाट नीति तथा कार्यक्रम, कानुनी व्यवस्थामा समेत सामाजिक सुरक्षा भत्ता, उपचार सुविधा तथा अन्य सहुलियतको व्यवस्था गरीएकोमा सामाजिक सुरक्षाभत्ता पाउदै आएको भएपनि निःशुल्क उपचार सुविधा तथा अन्य सहुलियत सुबिधाको बिषयमा अहिले पनि पुर्णतया कार्यान्वयन हुन सकेको छैन । जेष्ठ नागरीकहरुलाई परिवारबाटै विभेद वा अपमान जनक व्यावहार हुदा आवश्यक साथ सहयोग परिवारबाट नमिलेको, जेष्ठ

नागरीकहरु परिवारको अपहेलनाका कारण वृद्धा आश्रममा बस्नु पर्ने बाध्यता हुने गरेको, राज्यले सडकमा वेवारिसे अवस्थामा रहेका जेष्ठ नागरीकको उचित हेरचाह गर्न नसकेको र सामाजिक संघसंस्थाहरुकै भर ,मा पर्नु परेको अवस्था रहेको छ । जेष्ठ नागरीकहरुले राज्यलाई कुनै न कुनै तरिकाले योगदान गरेका तर जेष्ठ नागरीकहरुलाई समय बिताउन समेत कठनाई हुने गरेको, घर समाजबाटै अपहेलित हुनु परेको कारण जीवनभर प्राप्त सिप अनुभवको , हस्तान्त्रण हुन नसकेको अवस्था छ। पछिल्लो समया केही पालिकाबाट जेष्ठ नागरीकको अधिकारको सवालमा उदाहरणिय कामहरु भईरहेको समेत पाईएको छ ।

**५.७. जातिय विभेद विरुद्धको अधिकारको अवस्था:**

जातिय विभेदलाई कानुनत निशेध :गरीएको तथा फौजदारी अपराध अन्तर्गत कसुर मानी कानुनी कारवाहीको व्यवस्था गरीएको छ । यसरी जातीय विभेद विरुद्ध कानुनी संरचना मजबुत रहेतापनी त्यसको प्रभावकारी कार्यान्वयन पक्ष अझै कमजोर रहेको छ। विशेषगरी दलित समुदायको प्रतिनिधित्व, सामाजिक व्यवहार परिवर्तन र न्याय प्रणालीमा असंवेदनशीलताको कारणले यथोचित सुधार हुन सकेको छैन्।त्यसैगरी, दलित अधिकारको संरक्षणमा राजनीतिक प्रतिबद्धता र स्थानीय तहमा जागरूकता अभिवृद्धि गर्नु आवश्यक देखिन्छ। संवैधानिक रुपमा जातीय बिभेदलाई फौजदारी अभियोगको रुपमा लिएको छ । राज्यले कानुनी रुपमा जातीय बिभेदलाई अपराधको रुपमा राखि बिभेद बिनाको राज्यको परिकल्पना गरेको भएपनि व्यवहारिक कार्यान्वयन एकदम कमजोर रहेको, नागरीकहरुमा बिभेदजन्य गतिविधि हुन नदिनका लागि सचेतना कार्यक्रम संञ्चालन गर्न नसकेको कारण अहिले पनि बिभेदको अवस्था कायमै रहेको छ । समाजमा जातीय बिभेदकाको समस्या अत्याधिक भएपनि जिल्ला प्रहरी कार्यालयबाट बाँके र बर्दिया प्राप्त तथ्यांक अनुसार आ२०८ .व.२०८/३ मा जातिय विभेदका घटना सम्बन्धी जिल्लामा परेको पाईदैन भने आयोगको यस कार्यालयमा पनि सो सम्बन्धि उजुरी परेको पाईएन । दलित समुदायमा गरीवी दर बढि रहेकोसाक्षरता दर पनि कमी रहेको तथा समाजिक , निर्माणमा सहभागिताको पक्ष अझै कमजोर रहेको देखिन्छ । चेतनाको स्तर र नीति

**५.८. अल्पसंङ्ख्यकको अधिकारको अवस्था:**

अल्पसंङ्ख्यकको विश्वव्यापी परिभाषा नभएको भएतापनि कुनै राज्य वा समाजमा जनसंख्या, भाषा, धर्म,सांस्कृतिक अवस्था न्यून हुन हो ।तर नेपालको कानुनले ०जनसंङ्ख्या भएको प्रतिशत भन्दा कम ५. समुदायलाई अल्पसंङ्ख्यक भनेर उल्लेख गरेको छ। यद्यपी अल्पसंङ्ख्यक संङ्ख्याको आधारमा मात्र नभएर आर्थिकसामाजिक तथा राजनैतिक आधारमा पछाडि परेका वा सिमान्तिकृत समुदायलाई वा वर्गलाई , मानिनु पर्ने विद्धानहरुको धारणा रहेको छ।आयोगको यस नेपालगंज कार्यालयको क्षेत्राधिकार भित्रका जिल्लाहरुमा अल्पसंङ्ख्यकको रुपमा वसोवास गर्ने जातजातिमा चिडिमारअवधी भाषी लागयतलाई ,मुस्लिम ,थारु ,कुसुन्डा , चिनिन्छ ।आयोगको अनुगमन तथा विभिन्न पत्रपत्रिका, सरकारका नीति तथा कार्यक्रम समेतका आधारमा हेर्दा अल्पसंङ्ख्यक समुदायहरुको लागि राज्यबाट सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने गरेको , सिमित बिकास कार्यक्रम, र योजना, सशक्तिकरण सम्बन्धि तालिम लगायतका बिषय तिनै तहका सरकारबाट भएतापनि आबश्यक्ता अनुसारका प्रयाप्त अल्पसंख्यक लक्षित कार्यक्रम तर्जुमा र संञ्चालन नभएको, सशक्तिकरणमा जोड नपुगेको, अल्पसंङ्ख्यकहरुको भाषाको संरक्षणमा ठोष रुपमा काम हुन सकेको देखिँदैन । तिनै तहका सरकारबाट निर्माण गरीएका कार्यक्रमहरु पनि अल्पसंख्यकहरुलाई आत्मनिर्भर बनाउने भन्दापनि क्षणिक राहत वितरणमा सरकारी कार्यक्रमहरु केन्द्रित रहेको देखिन्छन । शिक्षा,स्थ्यस्वा , आवास र रोजगारमा उल्लिखित वर्ग तथा समुदायको पहुँच अझै न्युन रहेको देखिन्छ । अल्पसंख्यक समुदायहरु राज्यको मुलप्रवाहीकरण हुन नसकेको, राज्यका विभिन्न तह र निकायहरुका समानुपातिक प्रतिनिधित्व न्यून अवस्थामा रहेको छ ।

**५.९ श्रमिक तथा आप्रवासी कामदारको अधिकारको अवस्था:**

वैदेशिक रोजगारमा जान लागेका वा गएका नेपाली नागरीकलाई आप्रवासी कामदार भनिन्छ । श्रम ऐन २०७४ अनुसार निश्चित पारिश्रमिक पाउने गरी काममा जान लागेका वा लगाईएका व्यक्तिलाई श्रमिक भनिन्छ । नेपालको श्रम आप्रवासनको वर्तमान अवस्था निकै जटिल रहेको छ । रोजगारी र आयस्रोतको सीमित अवसरका कारण प्रत्येक वर्ष लाखौं नेपाली युवाहरू रोजगारीको सिलसिलामा विभिन्न देशमा जाने गरेका छन् । संस्थागत रूपमा बैदेशिक रोजगार बिभागबाट स्वीकृति लिई श्रम आप्रवासनका लागि खुला गरीएको देशको सङ्ख्या १११ वटा रहेको भएपनि २ वटा मुलुकहरु अफगानिस्तान र लिवियालाई सुरक्षाको दृष्टिकोणले रोक लगाएको कारण १०९ देशमा खुला गरी स्वीकृति लिएको र व्यक्तिगत रुपमा १७२ देशमा जानका लागि

श्रम स्वीकृती लिएको देखिन्छ भने ७२लाख ३८ हजार ६ जना भन्दा बढी नेपालीले बिगत देखि आ.व.२०८१/८२ को असार मसान्त सम्मको अवधिमा बैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको बैदेशिक रोजगार बिभागबाट देखिन्छ भने अनौपचारिक रुपमा भारतको बाटो भएर वा लुकीछिपि पैदल यात्रा मार्फत जाने नेपालीको संख्या के कति छ भन्ने एकिन हुन सकेको छैन । कामका लागि भारतको विभिन्न शहरमा जाने नेपालीहरुको पनि बास्तबिक विवरण आउन सकेको छैन र यसलाई आप्रवासी कामदारको रुपमा हो वा होईन भन्ने स्पसट छैन । नेपालको GDP को करिब २५% हिस्सा रेमिट्यान्सबाट योगदान रहेको विभिन्न अध्ययनबाट स्पस्ट देखिन्छ । राज्यको श्रम ऐन तथा नियमावलीको कार्यान्वयन प्रभवाकारी नभएको । आयोगको यस कार्यालयको क्षेत्राधिकार अन्तर्गतका जिल्लाहरुबाट अधिकांश युवाहरु रोजगारको लागि दुबई कतार जस्ता खाडि मुलुक गएका र पछिल्लो समय युरोप तथा अमेरिका समेत जाने गरेको पाईयो । , दाङ मेरिका गएकोमा निजहरु मध्य केहीरोल्पा तथा पुर्वी रुकुमका पनि केही युवाहरु गैरकानुनी बाटो हुँदै अ , यूवाहरुलाई डिपोर्ट गरी नेपाल फर्काई दिएको अवस्था छ।बैदेशिक रोजगारीमा जाने यस कार्यालयको कार्यक्षेत्रमा रहेका जिल्लाबाट गएका मध्य अधिकांश अदक्ष कामदार रहेको र न्युन ज्यालामा विदेशमा काम गरीरहेको, विदेशमा जोखिमयुक्त काममा रहेका केही युवाले ज्यान समेत गुमाएको पाईएको छ । आयोगले गरेको अनुगमनबाट विभिन्न माध्यबाट प्राप्त जानकारी समेतका आधारमा विश्लेषण÷गर्दा अधिकांश छ जिल्लाबाट पनि बैदेशिक रोजगारीमा थुप्रै नागिरकहरु गएको भएपनि यसको एकिन तथ्यांक प्राप्त भएको छैन । भने अर्को तिर बैदेशिक रोजगारीमा गएका नेपालीहरु लामो समयसम्म बिदेशमै रहने अवस्थाले पनि केही जिल्लामा पारिबारिक बिखण्डनको समस्या हुने गरेको र परिवार नै तहसनहसको अवस्थाको सृजना भएको देखिएको छ । बैदेशिक रोजगार बिभागबाट श्रम स्वीकृति लिएतापनि धैरै जसो बैदेशिक रोजगारीमा यस क्षेत्रबाट पनि रोजगारीका लागि बिदेश गएका यूवा यूवती र बिधार्थीहरुले भिषा प्रक्रियाको प्रारम्भिक चरण देखि गन्तव्य मुलुकमा गएपश्चात पनि ठगिनु परेको, महंगो शुल्क तिर्नु परेको, कन्सल्टेन्सीहरुले बैदेशिक यातत्रामा जान लागेका ब्यक्तिहरुबाट विभिन्न बहानामा बढी भन्दा बढी पैसा असुल्ने गरेको देखिन्छ ।अर्को तिर आन्तरिक

रुपमा देश भित्रै विभिन्न उधोग, कलकारखाना, उत्पादन कम्पनी, निजी बिधालय, बिकास आयोजना, इटा भट्टा, होटल लगायतका क्षेत्रमा काम गर्ने श्रमिकहरु श्रम ऐन वमोजिमका सुविधा तथा सरकारले तोके वमोजिम ज्याला वा तलब नपाएको, न्युनतम ज्यालाबाट वञ्चित रहेको, श्रमिकहरु बिचमा पनि पारिश्रमिकमा असमानता रहेको, कानुनमा व्यवस्था भएको समय भन्दा बढी समय सम्म काममा लगाउने गरेको, बालश्रम लगायतका मानव अधिकार उल्लंघनका कार्य प्रत्यक्ष र अप्रत्यक्ष रुपमा भैरहेको अवस्था रहेको गुनासो देखिन्छ

**५.१० व्यावसाय र मानव अधिकारको अवस्था:**

संयुक्त राष्ट्रसंघले सन् २०११ मा व्यवसाय र मानव अधिकार सम्बन्धि मार्गदर्शक सिद्धान्तहरु पारित गरेपश्चात व्यवसायीक क्षेत्रले मानव अधिकारको संरक्षण, सम्बर्द्धन र सम्मानमा सक्रिय भूमिका खेल्नुपर्ने स्पस्ट आधार बनाएकोले पारित महासभाबाट पारित पश्चात व्यवसाय र मानव अधिकारको बिषयले औपचारिकता पाएको थियो । बिश्वका हरेक देशहरुको आर्थिक बिकासमा व्यवसायहरुले महत्वपुर्ण भुमिका खेल्दै आएको छ। एकातिर व्यवसायीहरुले सञ्चालन गर्ने गतिविधिहरुले हरेक देशलाई आर्थिक बिकास भई समृद्ध र बलियो अवस्थामा पुर्याएको छ भने अर्कोतिर तिनै गतिविधिहरुले प्रत्यक्ष अप्रत्क्ष रुपमा मानव अधिकारको उल्लंघन भैरहेको पनि देखिन्छ। व्यवसाय र मानव अधिकार प्रत्यक्ष जोडिएका बिषय हुन । व्यवसाय र मानव अधिकारलाई बिशेष ध्यान दिएर नेपाल सरकारले व्यवसाय र मानव अधिकार सम्बन्धी ५ वर्षे राष्ट्रिय कार्ययोजना २०८० -८१/०८४८५/ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ भने कार्ययोजना कार्यान्वयनको अनुगमन तथा मुल्यांङ्कन गर्न संघ, प्रदेश र स्थानीय तहमा समितिको व्यवस्था गरेको छ। व्यवसायीद्धारा आफ्नो व्यवसाय सञ्चालनगर्दा विभिन्न किसिमका मानव अधिकार हनन् का घटनाहरु जस्तै श्रम शोषण, वातावरणीय क्षति, खाध्य सामाग्रीहरुमा विभिन्न किसिमको मिसावट, म्याद नाघेका खाध्य सामाग्रीहरु बेचबिखन, जातीयलैङ्गिक विभेद/, श्रमिकहरुलाई न्यूनतम पारिश्रमिक नदिने, सुरक्षित र मर्यादित श्रम वातावरण नहुने, बालश्रम र जबर्जस्ती श्रम, महिला र अल्पसंख्यकप्रतिको विभेद, समुदायको सहमति र बाताबरणीय मुल्यांङ्कन

बिना विकास आयोजना सञ्चालन  लगायतका बिषय रहेका छन भने गैरसंगठित क्षेत्रहरू जस्तै ईंटा उद्योग-, निर्माण उद्योग, होटल, कृषि क्षेत्रमा न्यूनतम पारिश्रमिक, कामको समय अत्याधिक, सुरक्षित वातावरण र सामाजिक सुरक्षाको ग्यारेन्टीको अभावले श्रमिकहरूको अधिकार कुण्ठित हुने गरेको छ। यस कार्यालयको कार्यक्षेत्रमा रहेका दाङ, बर्दिया, र बाँके जिल्लामा रहेका इटा भट्टाबाट निस्कने धुँवा, उद्योगबाट निस्किने प्रदूषणबाट समेत बातबरणीय प्रदुषणका साथै जनस्वास्थ्यमा  प्रत्यक्ष असर पुर्याईरहेको  अवस्था देखिन्छ ।साथै, व्यवसायजन्य क्रियाकलापवाट विभिन्न सामग्री उत्पादन गर्ने कम्पनीहरुवाट निस्कने धुवा धुलोले वायु प्रदुषण जल प्रदुषणवाट स्वास्थ्यमा असर पुग्ने गरेको,  कृषिजन्य फार्म र दैनिक घरबाट निस्कने फोहोर, दुर्गन्ध र प्रदुषणले आसपासका क्षेत्रमा प्रभाव  अस्पतालवाट निष्कने फोहोरमैला लगायत फोहोरजन्य पदार्थको उचित व्यवस्थापन  हुन नसकेको , श्रमिकहरुको लागि कार्यस्थलमा काम गर्न सुरक्षित कार्यवातावरण नहुने, श्रमिकको सामाजिक सुरक्षाको विषयलाई बेवास्था, गैरकानूनी रुपमा वालवालिकालाई जोखिमयुक्त काममा लगाउने, व्यवसाय सञ्चालनवाट वातावरणमा परेको प्रभाववाट व्यक्तिको स्वास्थ्य असर पर्ने, जस्ता समस्याहरु व्यवसायजन्य क्रियाकलापबाट हुने पाईएको छ।  व्यवसाय र मानव अधिकार सम्बन्धी पर्याप्त सचेतना वृद्धि गर्नुपर्ने, सरोकारवाला निकायहरुवाट समय समयमा उद्योगहरुमा अनुगमन तथा निरिक्षण गर्नुपर्ने, व्यवसाय र मानव अधिकार सम्बन्धी प्रदेश तथा स्थानीय तह अनुगमन तथा मुल्यांङ्कन समितिको गठन गरी प्रभावकारी अनुगमन गर्नुपर्ने देखिन्छ ।

**५.११ वातावरणको अधिकार अवस्था:**

वातावरणको अधिकारले व्यक्तिलाई स्वच्छ र सफा तथा प्राकृतिक वातावरणमा बाच्न पाउनुपर्ने अधिकारलाई संवैधानिक व्यवस्था गरेको छ। यो मानिसको जिवन स्वास्थ्य जस्ता अन्य विभिन्न अधिकारहरुसँग पनि , सम्बन्धित  जोडिएको विषय भएकोले यसलाई सामुहिक अधिकारको विषयका रुपमा लिईन्छ। नेपालको वर्तमान संविधानले स्वच्छ वातावरणको हकलाई मौलिक हकका रुपमा व्यवस्था गरेको छ । वातावरणीय अधिकार सम्बन्धी अन्तराष्ट्रिय सन्धी/महासन्धी पक्ष राष्ट्र रहेको छ। यद्यपी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनले

व्यवस्था गरेको अधिकार सुनिश्चिततामा नेपाल सरकार र मातहतका निकायहरुले व्यवहारिक कार्यान्वयनको प्रयासमा भने खरो उत्रन सकेको देखिँदैन ।आयोगको नेपालगंज कार्यालयबाट यस आ.ब.मा भएको अनुगमन समेतका आधारमा वातावरणीय अधिकारको अवस्थालाई यस कार्यालयको क्षेत्राधिकार भित्रका जिल्लामा हेर्दा बातावरणीय अधिकारलाई अधिकार हो भन्ने बुझाई नागरीकहरुमा रहेको अवस्था देखिदैन । संघ, प्रदेश र स्थानीय सरकारबाट संचालित प्रायजसो विकास आयोजनाहरु बातावरणीय प्रभावको मुल्याङ्कन नगरी जथाभावी निर्माण भएको हुदा बाढी क्षयको खतरा बढेको-था भुपहिरो त , देखिन्छ। बाँके , दाङ् र बर्दिया जिल्लामा कर्णाली र राप्ती नदीमा आएको अत्याधिक बाढी पहिरोका कारण धेरैजसो पालिकाहरु डुवान पर्ने हुदा नागरीकहरुमा प्रत्यक्ष असर परिरहेको । EIA/ IEE जस्ता प्रावधान कागजी रुपमा गरीने तर व्यवहारिक कार्यान्वयन नहुने गरेको, राज्यका निकायहरुबाट गरीने अनुगमन औपचारिकतामा मात्र सिमित हुने गरेको देखिन्छ । Polluters Pay Principle व्यावहारिक रुपमा लागु हुन नसकेको । निर्माणको जिम्मेवारी पाएका निर्माण कम्पनीहरुले जथाभाबी सडक,बाटो, बिकासका अन्य आयोजनाहरु निर्माण सुरु गरी धेरै लामो समयसम्म निर्माण सम्पन्न नगर्ने गरेको कारण यात्रु तथा नागरीकहरुलाई प्रत्यक्ष सास्ति खेप्नु परेको तथा सडक दुर्घटनाको जोखिम समेत बढेको देखिएको।यद्यपी कतिपय नगर पालिका तथा गाँउपालिकाले हरित गाँउ/शहर अभियान मार्फत वृक्षारोपण गरी हरियाली बनाउने अभियानले वातावरण सन्तुलनमा मद्धत गरेको पाईएको छ ।

## परिच्छेद -छ : उपलब्धि, चुनौती र सिफारिस

### ६.१. उपलब्धि

राष्ट्रिय मानव अधिकार आयोग, लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्ज बाट कार्यक्षेत्र अन्तर्गतका जिल्लाहरुमा मानव अधिकार संरक्षण र संम्बर्द्धनका लागि कार्य गर्दै आएको छ । यस कार्यालयको आ. ब. २०८२/०८३ को बार्षिक कार्यक्रम अन्तर्गत रही यस कार्यालयले गरेको कार्यसम्पादनबाट प्राप्त उपलब्धि देहाय बमोजिम रहेका छन । यस आर्थिक वर्षमा आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जले ४४ वटा मानव अधिकार उल्लंघनसँग सम्बन्धित सामान्य उजूरी दर्ता भएकोमा कार्यालयको तर्फबाट आवश्यक पहल गरीएको थियो ।

कार्यालयमा बिचाराधिन अवस्थामा ३४५ वटा उजुरीहरु रहेकोमा जनशक्ति अभाव हुदा हुदै पनि ४ वटा अनुसन्धान मिसन सम्पन्न गरी ६० वटा पुर्ण र १५ वटा आंशिक गरी ७५ वटा मानव अधिकार उल्लंघनका उजूरीहरू माथि अनुसन्धान सम्पन्न भएको थियो। अनुसन्धान सम्पन्न भएका उजुरीहरु मध्ये ३५ वटा उजुरी निर्णयका लागि केन्द्रिय कार्यालय पठाईएको छ भने २५ वटा उजुरी केन्द्रबाट खटिएको अनुसन्धान टोलीले सम्पन्न गरी लिएका समेत गरी ६० वटा उजुरी केन्द्रिय कार्यालयमा उजुरी फाईल पठाईएको छ भने बाँकी पुर्ण सम्पन्न भएका १५ वटा उजुरी अनुसन्धानको अन्तिम कार्य सम्पन्न भई निर्णय सिफारिसको लागि केन्द्रिय कार्यालयमा पठाउने तयारीमा रहेका छन । कार्यालयको क्षेत्राधिकार भित्रका ६ जिल्ला मध्ये बाँके बर्दिया र दाङ जिल्लामा रहेका कारागार, बालसुधार गृह र बाँके, बर्दिया र दाङ, रोल्पा जिल्लाका समेत गरी हिरासतकक्षमा समेत विभिन्न माध्यमबाट अनुगमन गरी कैदीबन्दी र थुनुवाहरूको मानव अधिकार अवस्थाको अनुगमन गरीएको छ । यस कार्यालयको कार्यक्षेत्र भित्र पर्ने ६ वटा जिल्ला मध्ये ५ वटा जिल्लामा भौतिक उपस्थिति भई मानव अधिकारको संरक्षण र संम्बर्द्धनका गतिविधिहरू सम्पन्न भएका छन भने रुकुम पुर्व जिल्लामा आयोगको भौतिक उपस्थिति हुन नसकेपनि फोन सम्पर्क, मेडिया मोनिटरिङ्ग,सामाजिक सञ्जालमा सम्प्रेशण भएका मानव अधिकार हनन् का मुद्धाहरुमा अनुगमन र सरोकारवालासँग जानकारी माग गर्ने समेतका पहल भने गरीएको थियो । कार्यालयको कार्यक्षेत्र अन्तर्गतका बाँकि, दाङ, बर्दिया लगायतका जिल्लामा सरकारी तथा मानव अधिकारको क्षेत्रमा सक्रिय मानव अधिकारकर्मी, नागरीक समाज, सञ्चारकर्मीहरूसँग विभिन्न विषयमा छलफल तथा अन्तर्क्रिया गरी मानव अधिकारको प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरीएको छ ।

**चुनौती २.१.२**

**क) आन्तरिक चुनौती:**

- नेपालगञ्ज कार्यालय स्थापना भएको लामो समय बितिसक्दा पनि आयोगको कार्यालयको लागि आफ्नै भवन हालसम्म नहुदा कार्यालयको भवनका लागि लामो समयदेखि भाडाको घरमा सञ्चालनमा रहेको र उक्त भाडाको घर पनि पुरानो जीर्ण अवस्थाको भएकोले स्थायी कार्यालयको व्यवस्था हुन नसकेको ।
- तत्कालिन क्षेत्रीय कार्यालय स्थापना हुदा कार्यालयको दरबन्दी १८ जना स्वीकृत भएको भएपनि हाल मानव अधिकार अधिकृत २ जना, सूचना प्रविधि सहायक १ जना, सहायक प्रथम १ जना, लेखापाल १ जना, सवारी चालक १ जना, कार्यालय सहयोगी २ जना र सुरक्षागार्ड १ जना समेत गरी ९ जना मात्र रहेको र मानव अधिकार अधिकृत कर्मचारीको अभावका कारण अनुसन्धान, अनुगमन मिसनमा खटिने जनशक्ति न्यून रहेको कारण कार्यालयको काममा प्रत्यक्ष असर परिरहेको ।
- कार्यालयको सवारी साधन पुरानो भएको हुँदा बारम्बार सवारी साधनमा आउने समस्याले अनुसन्धान तथा अनुगमनको सिलसिलामा समस्या सिर्जना हुदा कार्यालयको काममा समेत प्रत्यक्ष प्रभाव परेको छ ।
- न्यून जनशक्ति, पुरानो सवारी साधन, सिमित बजेटका कारण कार्य क्षेत्रका ३ वटा जिल्लामा आयोगको उपस्थिति भएपनि बाँकी रोल्पा, प्यूठान र रुकुम पुर्वमा कार्यालयको पहुँच हुन नसकेकोले तिन जिल्लाका बिचाराधिन अवस्थाका उजुरीहरुको अनुसन्धानका हुन नसकेको र मानव अधिकारका सवालहरुको बिषयमा भौतिक रुपमा उपिस्थित भई त्यस जिल्लाका मानव अधिकार कर्मी, नागरीक समाज, सञ्चारकर्मी,,सरकारी तथा गैरसरकारी निकायहरुसँग सम्बन्ध स्थापित र मानव अधिकारका सवालमा छलफल हुन नसकेको ।
- आयोगबाट हालसम्म गरीएका नीतिगत, कानुनी कारवाही र राहत तथा क्षतिपुर्तिका लागि गरीएका सिफारिसहरुको सरकारबाट कार्यान्वयन नगरीएका कारण पीडितले न्याय प्राप्त गर्न, राहत तथा क्षतिपुर्ति पाउन नसक्दा आयोग प्रतिको जनबिश्वास घट्दै गएको अवस्था सृजना भएको छ ।
- आयोगको यस कार्यालयमा हाल बिचाराधिन अवस्थाका उजुरीहरु प्राय धेरै द्वन्द्व कालिन रहेको र घटना घटेको लामो समय भैसकेको हुदा प्रमाण संकलनमा कठिनाई हुने गरेको ।

**ख) बाह्य चुनौती**

- यस कार्यालयमा दर्ता हुन आएका उजुरीका सम्बन्धमा सरोकारवाला व्यक्तिहरुको बसाईसराई, बैदेशिक रोजगार, ठेगाना परिवर्तन, तथ्याकं अध्यावधिक समयमा नहुँदा अनुसन्धानका उजुरी उपर प्रमाण संकलनमा कठिनाई भएको छ।
- महिला हिंसा तथा जातीय भेदभाव लगायतका कतिपय घटना उजूरी प्रक्रियामा नगई प्रलोभन र दबाबमा मिलापत्रतर्फ लैजान खोज्ने प्रवृति कायम नै रहेको छ।
- सामुदायिक विद्यालयहरुले भर्ना शुल्क, मासिक शुल्क लिने गरेको भन्ने गुनासो नागरीकहरुबाट पाइएको हुँदा अनिवार्य तथा निशुल्क शिक्षाको प्रभावकारी कार्यान्वियन र शैक्षिक गुणस्तर सुधार गर्न पर्याप्त स्रोत साधनको अभावले बालबालिकाको गुणस्तरीय र नि:शुल्क शिक्षा प्राप्तीमा चुनौती रहेको ।
- यस कार्यालयको कार्यक्षेत्रमा रहेका जिल्लाहरु मध्ये रुकुम पुर्ब बाहेक अन्य जिल्लामा रहेका कारागार,बालसुधार गृहमा क्षमता भन्दा बढी कैदीबन्दी तथा थुनुवाहरु राखिएको पाईएको देखिएको हुदा क्षमता अनुसार कैदीबन्दी तथा थुनुवा र बालबिज्याईकर्ता राख्ने भौतिक संरचनाको व्यवस्थाको अभाव रहेको हुदा कैदीबन्दी तथा थुनुवा र बालबिज्याईकर्ताहरुको बसाई सहज हुन नसकेको ।
- कानुनको स्पस्ट ब्यबस्था नहुदा १८ वर्ष सम्मका र सो भन्दा माथि ३० वर्ष सम्मका कानुनको बिवादमा परेका बालबालिकाहरु अहिले पनि बालसुधार गृहमा सँगै राखिएको कारण समुह समुह निर्माण गरी सुधारगृह भित्र नै बारम्बार झैझगडा गर्ने, ठुलो उमेर समुहका कानुनको बिबादमा परेका बालबिलकाहरुबाट कम उमेरका र कमजोर अवस्थाका बालबालिकाहरुले बढी शारिरीक यातना,कुटपीटको अवस्था भोग्नुपर्ने बाध्यता सृजना भई यो समस्यालाई उचित व्यवस्थापन हुन नसकेको ।
- मानव अधिकार सम्बन्धि पाँचौ राष्ट्रिय कार्ययोजनामा ब्यबस्था भएका समितिहरु प्रदेशमा तथा धेरै जसो स्थानीय तहमा अहिले पनि समिति गठन नभएको, कार्ययोजनामा समेटिएका बिषयहरु र रिपोर्टिङ्ग बारे

प्रदेश र स्थानीय तहका कर्मचारीहरुले बेवास्ता गरीनु ,मानव अधिकार सम्बन्धि पाचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवधि सकिदा पनि छैठौं मानव अधिकार सम्बन्धि राष्ट्रिय कार्ययोजना निर्माण हुन नसकेको ।

- व्यवसाय र मानव अधिकार सम्बन्धि राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि अनुगमन तथा मुल्याङकनको लागि तिनै तहमा समितिको कानूनी व्यवस्था रहेपनि यस लुम्बिनी प्रदेश र स्थानीय तहमा समिति गठन हुन नसकेको।
- श्रम ऐनमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वियन नहुँदा नियमित रोजगारीमा रहेका बाहेक अन्य श्रमिकको अधिकार सुरक्षित हुन नसकेको।
- ज्येष्ठ नागरीकहरु घर परिवारबाट उपेक्षित हुनुका साथै ज्येष्ठ नागरीक परिचय पत्र बमोजिम उपलब्ध हुने सेवा र सुविधाको कार्यान्वयन प्रभावकारी हुन नसकेको।

**५.३ सिफारिस**

यस प्रदेशमा मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि आउने माथि उल्लिखित समस्या र चुनौतीहरूलाई सम्बोधनका लागि सरोकारवाला निकायहरुबाट देहायअनुसार कदम चाल्नुपर्ने आबश्यक्ता देखिन्छः

**क) संघीय सरकारलाई**

- राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिसहरुको सरकारबाट अनिवार्य कार्यान्वयन गर्नुपर्ने कानुनी व्यवस्था गरी पीडितलाई न्याय प्रदानका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धि कानूनको सम्मान गर्न गराउन ।
- कारागार,बालसुधार गृहमा क्षमता भन्दा बढी कैदीबन्दी तथा थुनुवा र बाल बिज्याईकर्ताहरु राखिएको कारण विभिन्न स्वास्थ्य समस्या आउने, असहज बसाई रहेको देखिएको हुदा कारागार र बालसुधार गृहमा

क्षमता अनुसार कैदीबन्दी तथा थुनुवा र बालबन्दी राख्नका लागि आवश्यक प्रबन्ध मिलाउन सिफारिस गर्नुपर्ने ।

- कानुनमा व्यवस्था भएअनुसार १८ वर्ष नपुगेका बालबालिकाहरुलाई बालसुधार गृहमा राख्ने व्यवस्था रहेपनि तत्कालिन समयमा बालसुधारगृहमा बस्दा १८ वर्ष नपुगेका तर बस्दै जादा उमेर १८ भन्दा माथि देखि ३० वर्ष सम्मका बालबिज्याईकर्ताको उमेर पुगेकाहरुको बिषयमा मौजुदा कानुनमा संसोधन गरी अलग अलग राख्ने व्यवस्था मिलाई बालसुधार गृहभित्र झडप नहुने बाताबरण निमार्ण गर्न सिफारिस गर्नुपर्ने ।
- आयोगको अनुगमन,विभिन्न छलफल तथा लुम्बिनी प्रदेश प्रहरी कार्यालयको तथ्यांकका आधारमा लुम्बिनी प्रदेशका बाँके, बर्दिया र दाङ जिल्ला सिमाक्षेत्रका जिल्ला भएको हुदा आर्थिक वर्ष २०८१/८२मा मात्र दर्ता भएका ४५८ वटा मुद्धा तथा विभिन्न सरकारी तथा गैरसरकारी कार्यालयबाट भैरहेका गोष्टी, छलफलमा समेतमा लागु औषध अत्याधिक प्रयोग,बिक्रि बितरण हुने गरेको भनि छलफलको बिषय बन्ने गरेको अवस्थामा न्यूनिकरणका लागि आवश्यक नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरी सञ्चालन तथा कार्यान्वयन गराउन सिफारिस गर्ने ।

**ख) प्रदेश सरकारलाई :**

- लुम्बिनी प्रदेश सरकारबाट निर्माण हुने नीति, कार्यक्रम, योजना,बजेट बिनियोन अनुगमन, मुल्यांक्नमा मानवअधिकारमुखी विकास पद्धतिलाई आत्मसाथ गरी लक्षित तथा सिमान्तकृत समुदायको मानव अधिकार संरक्षण र सम्बर्द्धनका लागि आवश्यक कार्यक्रम निर्माण, कार्यान्वयन अनुगमन र मूल्यांकन लगायतका चरणहरूमा तिनिहरुको सक्रिय सहभागिता सुनिश्चित गर्न गराउन ।
- मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना प्रभावकारी कार्यान्वयन नभई कार्ययोजनाको अबधि समाप्त भईसक्दा पनि प्रदेश तथा स्थानीयस्तरमा समिति गठन तथ रिपोर्टिङ्ग नभई प्रभावकारी कार्यान्वयन नभएको पाईएकोले छैठौं मानव अधिकार राष्ट्रिय कार्ययोजनामा अनिबार्या र विश्वयापी आवधिक समिक्षा पुनरावलोकनको तेस्रो चक्रबाट प्राप्त सिफारिसहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन ।

- लागु औषध प्रयोग, मानव बेचविखन तथा ओसारपसार जस्ता जघन्या  अपराधलाई रोकथाम न्यूनिकरणका लागि आवश्यक नीतिगत व्यवस्था गरी  प्रभावकारी कार्यान्वयन गर्न गराउन ।
- मानव अधिकारका सर्वमान्य सिद्धान्त र आधारभूत मूल्यमान्यताका आधारमा मानव अधिकारमैत्री कानून तथा नीति निर्माण गर्न र आवश्यकता अनुरुप मौजुदा कानूनमा संशोधन गर्न।
- महिला,दलित, आदीबासी, मुस्लिम, यौनिक अल्पसंख्यक, थारु लगायत पछाडी पारिएका ब्यक्ति समुदाय र नागिरकहरुलाई सशक्तिकरणका कार्यक्रम संचालन गरी समाजमा हुने विविध किसिमका कुरिति, कुस्कार, जातीय बिभेद, लैङ्गिक हिंसा,  वालबिबाह, बहुबिबाह न्यूनिकरण सम्बन्धि  प्रयास जनचेतना अभियान संञ्चालन गर्न गराउन ।

**ग) स्थानीय तहलाई**

- स्थानीय सरकारबाट हुने विकास निर्माणका कार्यमा मानव अधिकारमूखी पद्धति आत्मसाथ गरी सेवाग्राहीलाई सेवा प्रदान गर्दा मर्यादित ढङ्गले सेवा प्रदान गर्ने व्यवस्था मिलाउन ।
- लक्षित  बर्ग तथा सिमान्तकृत समुदाय,  समग्र नागिरकहरुको मानव अधिकार संरक्षण र संम्बर्द्धनका लागि  आवश्यक कार्यक्रम निर्माण तथा बजेट विनियोजन गर्न गराउन ।
- स्थानीय सरकारका नीति निर्माण, योजना तर्जुमा, बजेट बिनियोजन , कार्यान्वयन , अनुगमन  र मूल्यांङ्कनन सहितको प्रक्रियामा नागरीकहरुको सक्रिय सहभागिता सुनिश्चित गर्न गराउन ।
- समाजमा हुने सबै खाले बिभेद,  कुरिति,कुसस्कार, लैङ्गिक हिंसा बाल बिबाह, बहुबिबाह, मानव बेचबिखन तथा ओसारपसार लगायत मानव अधिकार बिरुद्धका गितबिधि  र कार्यहरु न्यूनिकरण  गरी मानव अधिकारको संरक्षण, सम्बर्द्धन गर्न सचेतनाका कार्यक्रमहरू सञ्चालन गर्न गराउन ।
- स्थानीय सरकारबाट हुने सेवा प्रवाहलाई पारदर्शी, निश्पक्ष समन्यिक र प्रभावकारी बनाई नागरीकहरुलाई अनुभती  हुने गरी सेवा  प्रवाह सुनिश्चितता गर्न गराउन ।
- संविधान, कानून, र नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा व्यवस्था भएअनुसारका मानव अधिकारको सिद्धान्तहरुको आत्मसात गर्दै मानव अधिकार संरक्षण गर्ने प्रक्रियामा सरकारका सबै   निकायहरु र आयोगवीच समन्वय ,सहकार्य  अभिबृद्धि गर्न गराउन ।

## अनुसुचीहरु

### अनुसुची १: नेपालगञ्ज कार्यालयको लागि स्वीकृत बार्षिक कार्यक्रम :

राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोग, लुम्बिनी प्रदेश शाखा कार्यालय, बाँके
कार्यालय कोड नं : २१४००५७०१
आर्थिक विवरण
आ.व.: २०८२/८३

**बजेट उपशीर्षक नम्बर:** २१४०००११३
**आयोजना/कार्यक्रम नाम:** राष्ट्रिय मानव अधिकार आयोग (प्रशासनिक खर्च

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | शुरू बजेट / अख्तियारी | संशोधन /रकमान्तर/श्रोतान्तर बाट | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने | भुक्तानी विधि | स्रोत व्यहोर्ने | भुक्तानी विधि | | थप | घट | | | | | |
| **21111पारिश्रमिक कर्मचारी** | | | | | **८,३६५,०००.००** | **०.००** | **०.००** | **८,३६५,०००.००** | **५,७५९,५९३.००** | **५,७५९,५९३.००** | **२,६०५,४०७.००** | **०.००** |
| | 1100001- | 01-नगद | | | ८,३६५,०००.०० | ०.०० | ०.०० | ८,३६५,०००.०० | ५,७५९,५९३.०० | ५,७५९,५९३.०० | २,६०५,४०७.०० | ०.०० |
| **21121पोशाक** | | | | | **१४०,०००.००** | **०.००** | **०.००** | **१४०,०००.००** | **१००,०००.००** | **१००,०००.००** | **४०,०००.००** | **०.००** |
| | 1100001- | 01-नगद | | | १४०,०००.०० | ०.०० | ०.०० | १४०,०००.०० | १००,०००.०० | १००,०००.०० | ४०,०००.०० | ०.०० |
| **21132महंगी भत्ता** | | | | | **३३६,०००.००** | **८५,६७६.००** | **०.००** | **४२१,६७६.००** | **४२१,६७६.००** | **४२१,६७६.००** | **०.००** | **०.००** |
| | 1100001- | 01-नगद | | | ३३६,०००.०० | ८५,६७६.०० | ०.०० | ४२१,६७६.०० | ४२१,६७६.०० | ४२१,६७६.०० | ०.०० | ०.०० |
| **21139अन्य भत्ता** | | | | | **२०,०००.००** | **०.००** | **०.००** | **२०,०००.००** | **९,७००.००** | **९,७००.००** | **१०,३००.००** | **०.००** |
| | 1100001- | 01-नगद | | | २०,०००.०० | ०.०० | ०.०० | २०,०००.०० | ९,७००.०० | ९,७००.०० | १०,३००.०० | ०.०० |
| **21212योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च** | | | | | **१३६,०००.००** | **०.००** | **०.००** | **१३६,०००.००** | **६०,४६९.६२** | **६०,४६९.६२** | **७५,५३०.३८** | **०.००** |
| | 1100001- | 01-नगद | | | १३६,०००.०० | ०.०० | ०.०० | १३६,०००.०० | ६०,४६९.६२ | ६०,४६९.६२ | ७५,५३०.३८ | ०.०० |
| **21213योगदानमा आधारित बीमा कोष खर्च** | | | | | **६८,०००.००** | **०.००** | **०.००** | **६८,०००.००** | **४५,६००.००** | **४५,६००.००** | **२२,४००.००** | **०.००** |
| | 1100001- | 01-नगद | | | ६८,०००.०० | ०.०० | ०.०० | ६८,०००.०० | ४५,६००.०० | ४५,६००.०० | २२,४००.०० | ०.०० |
| **22111पानी तथा बिजुली** | | | | | **१९२,०००.००** | **०.००** | **०.००** | **१९२,०००.००** | **१९१,७६६.००** | **१९१,७६६.००** | **२३४.००** | **०.००** |
| | 1100001- | 01-नगद | | | १९२,०००.०० | ०.०० | ०.०० | १९२,०००.०० | १९१,७६६.०० | १९१,७६६.०० | २३४.०० | ०.०० |
| **22112संचार महसुल** | | | | | **१३८,०००.००** | **०.००** | **०.००** | **१३८,०००.००** | **१०७,६९१.००** | **१०७,६९१.००** | **३०,३०९.००** | **०.००** |
| | 1100001- | 01-नगद | | | १३८,०००.०० | ०.०० | ०.०० | १३८,०००.०० | १०७,६९१.०० | १०७,६९१.०० | ३०,३०९.०० | ०.०० |
| **22212इन्धन (कार्यालय प्रयोजन)** | | | | | **२४१,०००.००** | **०.००** | **०.००** | **२४१,०००.००** | **१९०,९८०.५५** | **१९०,९८०.५५** | **५०,०१९.४५** | **०.००** |
| | 1100001- | 01-नगद | | | २४१,०००.०० | ०.०० | ०.०० | २४१,०००.०० | १९०,९८०.५५ | १९०,९८०.५५ | ५०,०१९.४५ | ०.०० |
| **22213सवारी साधन मर्मत खर्च** | | | | | **२५०,०००.००** | **०.००** | **०.००** | **२५०,०००.००** | **१६१,७१०.००** | **१६१,७१०.००** | **८८,२९०.००** | **०.००** |
| | 1100001- | 01-नगद | | | २५०,०००.०० | ०.०० | ०.०० | २५०,०००.०० | १६१,७१०.०० | १६१,७१०.०० | ८८,२९०.०० | ०.०० |
| **22221मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च** | | | | | **८७,०००.००** | **०.००** | **०.००** | **८७,०००.००** | **६१,६००.३२** | **६१,६००.३२** | **२५,३९९.६८** | **०.००** |
| | 1100001- | 01-नगद | | | ८७,०००.०० | ०.०० | ०.०० | ८७,०००.०० | ६१,६००.३२ | ६१,६००.३२ | २५,३९९.६८ | ०.०० |
| **22311मसलन्द तथा कार्यालय सामाग्री** | | | | | **२७०,०००.००** | **०.००** | **०.००** | **२७०,०००.००** | **१५२,०५८.४४** | **१५२,०५८.४४** | **११७,९४१.५६** | **०.००** |
| | 1100001- | 01-नगद | | | २७०,०००.०० | ०.०० | ०.०० | २७०,०००.०० | १५२,०५८.४४ | १५२,०५८.४४ | ११७,९४१.५६ | ०.०० |

Printed By: subashkumar  Printed Date: Jul 28, 2026 09:38 AM  Page 1 / 3

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | शुरू बजेट / अख्तियारी | संशोधन /रकमान्तर/श्रोतान्तर बाट पुरक | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने | भुक्तानी विधि | स्रोत व्यहोर्ने | भुक्तानी विधि | | थप | घट | | | | | |
| 22314इन्धन - अन्य प्रयोजन | | | | | २१,०००.०० | ०.०० | ०.०० | २१,०००.०० | ३,३९०.०० | ३,३९०.०० | १७,६१०.०० | ०.०० |
| | 1100001- | 01-नगद | | | २१,०००.०० | ०.०० | ०.०० | २१,०००.०० | ३,३९०.०० | ३,३९०.०० | १७,६१०.०० | ०.०० |
| 22315पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | | | ८२,०००.०० | ०.०० | ०.०० | ८२,०००.०० | ६५,६४९.०० | ६५,६४९.०० | १६,३५१.०० | ०.०० |
| | 1100001- | 01-नगद | | | ८२,०००.०० | ०.०० | ०.०० | ८२,०००.०० | ६५,६४९.०० | ६५,६४९.०० | १६,३५१.०० | ०.०० |
| 22413करार सेवा शुल्क | | | | | ९६,०००.०० | ०.०० | ०.०० | ९६,०००.०० | ९६,०००.०० | ९६,०००.०० | ०.०० | ०.०० |
| | 1100001- | 01-नगद | | | ९६,०००.०० | ०.०० | ०.०० | ९६,०००.०० | ९६,०००.०० | ९६,०००.०० | ०.०० | ०.०० |
| 22522कार्यक्रम खर्च | | | | | ८००,०००.०० | ६०,०००.०० | ६०,०००.०० | ८००,०००.०० | ४४८,४७७.०० | ४४८,४७७.०० | ३५१,५२३.०० | ०.०० |
| | 1100001- | 01-नगद | | | ८००,०००.०० | ६०,०००.०० | ६०,०००.०० | ८००,०००.०० | ४४८,४७७.०० | ४४८,४७७.०० | ३५१,५२३.०० | ०.०० |
| 22529विविध कार्यक्रम खर्च | | | | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ९९,९३८.०० | ९९,९३८.०० | ६२.०० | ०.०० |
| | 1100001- | 01-नगद | | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ९९,९३८.०० | ९९,९३८.०० | ६२.०० | ०.०० |
| 22612भ्रमण खर्च | | | | | ८०,०००.०० | ०.०० | ०.०० | ८०,०००.०० | ७२,८४०.०० | ७२,८४०.०० | ७,१६०.०० | ०.०० |
| | 1100001- | 01-नगद | | | ८०,०००.०० | ०.०० | ०.०० | ८०,०००.०० | ७२,८४०.०० | ७२,८४०.०० | ७,१६०.०० | ०.०० |
| 22711विविध खर्च | | | | | १४४,०००.०० | ०.०० | ०.०० | १४४,०००.०० | १२०,११७.३० | १२०,११७.३० | २३,८८२.७० | ०.०० |
| | 1100001- | 01-नगद | | | १४४,०००.०० | ०.०० | ०.०० | १४४,०००.०० | १२०,११७.३० | १२०,११७.३० | २३,८८२.७० | ०.०० |
| 28142घर भाडा | | | | | ७२३,०००.०० | ०.०० | ०.०० | ७२३,०००.०० | ७२१,२२३.०० | ७२१,२२३.०० | १,७७७.०० | ०.०० |
| | 1100001- | 01-नगद | | | ७२३,०००.०० | ०.०० | ०.०० | ७२३,०००.०० | ७२१,२२३.०० | ७२१,२२३.०० | १,७७७.०० | ०.०० |
| | | जम्मा | | | १२,२८९,०००.०० | १४५,६७६.०० | ६०,०००.०० | १२,३७४,६७६.०० | ८,८९०,४७९.२३ | ८,८९०,४७९.२३ | ३,४८४,१९६.७७ | ०.०० |

**स्रोतगत विवरण**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११००००१- | १२,२८९,०००.०० | १४५,६७६.०० | ६०,०००.०० | १२,३७४,६७६.०० | ८,८९०,४७९.२३ | ८,८९०,४७९.२३ | ३,४८४,१९६.७७ | ०.०० |
| ०१-नगद | १२,२८९,०००.०० | १४५,६७६.०० | ६०,०००.०० | १२,३७४,६७६.०० | ८,८९०,४७९.२३ | ८,८९०,४७९.२३ | ३,४८४,१९६.७७ | ०.०० |
| जम्मा | १२,२८९,०००.०० | १४५,६७६.०० | ६०,०००.०० | १२,३७४,६७६.०० | ८,८९०,४७९.२३ | ८,८९०,४७९.२३ | ३,४८४,१९६.७७ | ०.०० |

| | |
|---|---|
| फछ्यौंट हुन बाँकी पेस्की | ०.०० |
| गत आ व सम्मको | |
| यस आ व को | ०.०० |
| जम्मा | ०.०० |
| म्याद नाघेको पेस्की | |
| म्याद ननाघेको पेस्की | |

तयार गर्ने :
नामः
पदः
मितिः

पेस गर्ने :
नामः
पदः
मितिः

प्रमाणित गर्नेः
नामः
पदः
मितिः

Printed By: subashkumar    Printed Date: Jul 28, 2026 09:38 AM    Page 2 / 3

# वार्षिक कार्यक्रमका केहि छाँया चित्रहरु


आकस्मिक अनुगमन नौका लक्ष्मणपुर सतलिया-बाँके


आत्महत्या सम्बन्धी अनुगमन [illegible]- बर्दिया



मानव अधिकार घुम्ती शिबीर-बर्दिया


प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ अनुगमन बर्दिया


अनुसन्धान मिसन बढैयाताल-बर्दिया


कारागार अनुगमन- घोराही दाङ


सुकुम्बासीको मानव अधिकार अनुगमन कोहलपुर


नमुना मतदान केन्द्र (महिला कर्मचारी मात्र) - प्यूठान


जयन्तु बाल-सुधार गृह बाँके अनुगमन


मासिक बैठक बैशाख २०८३



थप जानकारीका लागि

## राष्ट्रिय मानव अधिकार आयोग


लुम्बिनी प्रदेश शाखा कार्यालय, शान्तिनगर, नेपालगञ्ज

०८१-५३६७०७, ५३६७०८, ९८५८०२०९९४

nhrcnpj@nhrcnepal.org

www.nhrcnepal.org